का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ कात्तिक २०८१,
बुधबार
13 November, 2024
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २६४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# तीन दशकदेखि बदनामी चर्चा

**२०५० सालदेखि लामो समय दीपक मनाङे गुण्डागर्दी मार्फत् सरकारको टाउको दुखाइको विषय बने । गुण्डागर्दी छोडेपछि पनि उनको चर्चा चलिरह्यो, किनकि उनी प्रदेश सांसद भए, ६ पटक त मन्त्री नै बने ।**



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

गण्डकी प्रदेशका सांसद राजिब गुरूङ अर्थात् दीपक मनाङे जेल चलान भएका छन् । नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो सीआईबीले काठमाडौंको सानो भऱ्याङबाट पक्राउ गरेको हो । सर्वोच्च अदालतबाट यही कात्तिक २० गते मनाङेलाई ज्यान मार्ने उद्योगको कसुरमा दोषी ठहर भएका थिए । उच्च अदालतबाट फैसला भएर आएको यो कसूर सदर भएपछि मनाङे पक्राउ परेका हुन् ।

फैसला कार्यान्वयनका लागि सीआईबीको टोलीले मनाङेलाई पक्राउ गरेको हो । उनलाई डिल्लीबजार कारागार चलान गरिएको छ । मनाङे २० वर्ष अगाडिको घटनामा दोषी ठहर भएका हुन् । २०६१ मा मिलन चक्रेमाथि भएको आक्रमणको मुद्दामा तत्कालीन पुनरावेदन अदालत, पाटनले ५ वर्ष कैद सजाय सुनाएको थियो । त्यसबेला मनाङले आत्मसमर्पण गरेका थिए ।

सर्वोच्च अदालतका न्यायाधीशहरू नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले तत्कालीन पुनरावेदन अदालत (हाल उच्च अदालत पाटन) को फैसलालाई सदर गरेपछि यो मुद्दा टुंगिएको हो । यसअघि नै उनी २ वर्ष ८ महिना जेल बसिसकेका छन् । त्यो अवधि घटाएर बाँकी अवधि उनी जेल बस्नुपर्ने हुन्छ ।

२०७४ मा मनाङ (ख) मा नेकपा एमालेको समर्थनमा स्वतन्त्र सांसद जितेपछि पनि मनाङे यही मुद्दामा जेल गएका थिए । त्यसबेला १४ महिना जेल बसेपछि १० वर्ष भन्दा कम जेल सजाय भएको मुद्दामा जेलबाहिर रहेर पुर्पक्ष गर्न पाइने कानुनी व्यवस्था अनुसार छुटेका थिए । २०५० साल यता गुण्डा नाइके र राजनीति दुवैमा दीपक मनाङे कुनै न कुनै रुपमा सत्तासँग पौठेंजोरी खेलिरहे । गुण्डागर्दीको समयमा सरकारको टाउको दुखाइ बनिरहे ।

राजनीतिमा आएपछि गण्डकी प्रदेश सरकार बनाउन र गिराउन लागिरहे । २०७४ प्रदेश सभा सदस्य जितेपछि पनि जेल »» पृष्ठ २ मा

# अघिअघि छवि पछिपछि रवि



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा कास्की प्रहरीको हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई रुपन्देही पुऱ्याइएको छ । बुटवलस्थित सुप्रिम सहकारीको रकम अपचलनमा अनुसन्धान गर्नुपर्ने देखिएपछि उनलाई हवाईमार्गबाट भैरहवा विमानस्थल हुँदै इलाका प्रहरी कार्यालय बुटवल लगिएको हो । यसअघि लामिछाने पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न रहेको आरोमा कास्की प्रहरीको हिरासतमा थिए ।

यसअघि सहकारी ठगीको आरोपमा पक्राउ परेका छविलाल जोशी जिल्ला सरकारी वकिल कार्यालय बुटवलमा बयान लिइएको थियो । यही कात्तिक ६ गते जोशीको बयान भएको थियो । जोशीको बयान सकिएपछि उनलाई काठमाडौं हुँदै कास्की लगिएको थियो । रुपन्देहीको सुप्रिम सहकारीको रकम गोर्खा मिडिया नेटवर्क प्रालिमार्फत भएको अपचलनमा जोशी पनि संलग्न रहेको भन्दै प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा बयान लिएको थियो । रवि लामिछानेको पनि जोशीकै झैं गरी बयान शुरु भएको छ । बुटवलमा बयान सकिएसँगै रवि लामिछानेलाई पजि काठमाडौं ल्याउने तयारी गरिएको बताइन्छ । त्यसका निम्ति प्रहरीले काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनका

> सहकारी ठगीको आरोपमा पक्राउ परेका गोर्खा मिडियाका पूर्वसञ्चालक छविलाल जोशीलाई कास्की हुँदै बुटवल लगेर बयान लिइएको थियो । जोशीलाई जस्तै रास्वपाका सभापति समेत रहेका गोर्खा मिडियाका पूर्वप्रबन्ध निर्देशक तथा सञ्चालक रवि लामिछानेलाई बयानका लागि बुटवल लगिएको छ ।

विषयमा अनुसन्धान अगाडि बढाएको छ ।

सूर्यदर्शन सहकारी ठगीमै पक्राउ परेका कुमार रम्तेललाई भने मंगलबार नै काठमाडौं पठाउन कास्की प्रहरीलाई पत्राचार गरिएको छ । रुपन्देहीको बयानलगत्तै लामिछानेलाई काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा अनुसन्धान गर्न हामी मगाउने तयारी छ । प्रहरीले ओखलढुंगाका गितेन्द्रबाबु (जीबी)राईले सञ्चालन गरेका काठमाडौंको स्वर्णलक्ष्मी, पोखराको सूर्यदर्शन, रुपन्देहीको सुप्रिम, चितवनको सहारा र पर्साको सानोपाइला सहकारीमार्फत गोर्खा मिडिया नेटवर्कमा रकम गएको देखिएपछि अनुसन्धान थालेको हो ।

लामिछाने गोर्खा मिडियाद्वारा सञ्चालित ग्यालेक्सी टेलिभिजनको प्रबन्ध निर्देशक थिए । पाँच सहकारी ठगीका मुख्य आरोपित जीबी राई »» पृष्ठ २ मा

# कारागारमा लागुऔषधको कारोबार

**सरोकारवालाहरूका अनुसार कारागारमा ब्रान्डेड रक्सी सजिलै पाइन्छ । यस्तो कार्यले जेल प्रशासनकै साखमाथि गम्भीर प्रश्न उठाएको छ ।**

**प्रदिप सिंह/मध्यान्ह**
सिरहा, २७ कात्तिक ।

कारागारलाई गलत कामप्रति पश्चाताप गर्दै सही बाटोमा लाग्न प्रेरित गर्ने थलोको रुपमा ब्याख्या गरिन्छ । तर जेलमा रहेकाहरू सत्ता संघर्षमा समेत संलग्न हुने गरेको पाइन्छ । एक उदाहरण हो- सिरहाको जिल्ला कारागार । महाभारतको ताण्डव झैँ गलत कार्य भइरहेको सरोकारवालाहरूबताउँछन् । अपराध सुधारको स्थल कारागार नै अपराधको रंगमञ्च बन्न पुगेको बताइन्छ । जेलको पर्खालभित्र मदिरा, मोबाइल सजिलै पुग्छन् । अझ सत्ता संघर्षको खेलमा जेलमा रहेकाहरू समेत सहभागी हुन्छन् । यस्तो कार्यले जेल प्रशासनकै साखमाथि गम्भीर प्रश्न उठाएको छ । जेलभित्र रक्सी पुगिरहेको हुन्छ । जेलभित्र रक्सि पुगेको भिडियो समेत सार्वजनिक हुन्छन् । एक अभियुक्त विजय महतोले भने, 'यो भिडियो मेरो पालाको होइन । म सह-नाइके हुँदा ल्याइएको रक्सी हुन सक्छ ।' उनका अनुसार »» पृष्ठ २ मा




## वैदेशिक रोजगार विशेष

### व्यवसायीले सार्वजनिक गरे खाडी जाँदा लाग्ने कामदारको न्यूनतम लागत

# एक लाख ३२ हजार ७ सय ५४ रूपैयाँ लागत खर्च

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ कात्तिक

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले रोजगारी र रेमिट्यान्सका लागि महत्वपूर्ण रहेको वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याहरू तत्काल समाधानका लागि सरकारको ध्यानाकर्षण गराएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था संघले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी वैदेशिक रोजगारमा कामदार पठाउन वास्तविक लागत निर्धारण, मागपत्र प्रमाणीकरण, घरेलु तथा महिला कामदारको श्रम स्वीकृति, कोरियाको ई-७ भिसासहित इजाजत नवीकरणका लागि वार्षिक अनिवार्यरूपमा एक सय जना कामदार पठाउनुपर्नेजस्ता समस्याले वैदेशिक रोजगार क्षेत्र लामो समयदेखि उकुसमुकुसको अवस्थामा



रहेको बताएको छ ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष राजेन्द्र भण्डारीले कामदार वैदेशिक रोजगारमा पठाउँदा लाग्ने वास्तविक खर्चको आधारमा शुल्क निर्धारण गरी व्यवसायीको सेवा शुल्क कायम गरेको अवस्थामा कामदारलाई म्यानपावर कम्पनीले यथार्थ लागतमा पठाउन सक्ने बताए । उनले भने, 'सरकारले बिना आधार तोकिदिएको १० हजार लागतमा कामदार पठाउन सक्ने अवस्था छैन । त्यसले वैदेशिक रोजगारमा जान मिटरब्याजमा ऋण लिनुपर्ने बाध्यता छ ।'

संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री कुमारले वैदेशिक रोजगारको लागत निर्धारण व्यवसायीको निरन्तरको माग भएपनि सरकारले सुनुवाइ नगरेको भनाइ राखे । रोजगारदाताले श्रमिकको सेवा शुल्क व्यहोरेको अवस्थामा श्रमिकले कुनै पनि शुल्क तिर्नुनपर्ने बताउँदै हाल मलेसिया तथा खाडी मुलुकमा जाने श्रमिकका लागि विभिन्न ११ शीर्षकमा एक लाख ३२ हजार ७ सय ५४ रूपैयाँ खर्च भइरहेको बताए । उनले हाल बढेको हवाई भाडाले लागत थप महँगो भएकाले सरकार गम्भीर हुन जरुरी रहेको उल्लेख गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले फ्रि भिसा फ्रि टिकटका नाममा रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा दश हजार सेवा शुल्क लिन पाउने अवैज्ञानिक निर्णय गरेदेखि वैदेशिक रोजगार क्षेत्र अस्तव्यस्त बनेको बताउँदै खत्रीले उक्त निर्णय परिमार्जनका लागि पटक-पटक आग्रह गरेपनि सुनुवाइ नभएको बताए । वैदेशिक रोजगारमा गएकामध्ये फ्रि »» पृष्ठ २ मा

## क्रोएसिया र यूके पठाउने भन्दै ठग्ने तीन पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारमा पठाइदिने भन्दै ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । प्रहरीले स्याङ्जाको बिरूवा गाउँपालिका-१ घर भइ काठमाडौं महानगरपालिका-३१ बानेश्वर बस्ने ५० वर्षीया कमला कुमारी केसी, बडिगाड गाउँपालिका-९ बाग्लुङ घर भइ भक्तपुर सुर्यविनायक नगरपालिका-२ बालकोट बस्ने २२ वर्षीया सीता बुढा र मेचीनगर नगरपालिका-१० झापा घर भइ काठमाडौं महानगरपालिका-२६ नयाँ बसपार्क बस्ने २६ वर्षीय मनिष खड्कालाई पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये केसीले क्रोएसिया पठाइदिन्छु भन्दै चार जनाबाट आठ लाख २५ हजार, बुढाले बेलायत पठाइदिन्छु भन्दै एक जनाबाट दुई लाख र खड्काले क्रोएसिया पठाइदिन्छु भन्दै एक जनाबाट दुई लाख २५ हजार रूपैयाँ लिइ सम्पर्कविहीन भएका थिए । पीडितहरुले यसबारे उजुरी दिएपछि उनीहरुलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

# १८ सांसदविरुद्ध अवहेलना मुद्दा

**विभिन्न व्यक्ति उपर ठगी, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान अगाडि बढाउन खोज्दा अवरोध गरेको आरोपमा रास्वपाका १८ जना सांसदविरुद्ध अवहेलना मुद्दा सर्वोच्च अदालतमा पुगेको हो ।**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ कात्तिक ।

राष्ट्रिय स्वतन्त्र पार्टीका १८ जना सांसदविरुद्ध अवहेलना मुद्दा सर्वोच्च अदालतमा पुगेको छ । न्यायिक प्रक्रिया अवरोध गर्ने कार्यमा संलग्न रहेको आरोपमा अधिवक्ता अनुपम भट्टराईले मुद्दा लगेका हुन् ।

विभिन्न व्यक्तिहरूउपर ठगी, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान अगाडि बढाउन खोज्दा अवरोध गरेको आरोप लगाइएको छ । यही कात्तिक २ गते पक्राउ परेका रास्वपाका सभापति समेत रहेका लामिछानेमाथि सहकारी ठगी, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान भइरहेको छ । तर, जारी अनुसन्धानलाई 'राजनीतिक प्रतिशोध' भन्दै रास्वपाका नेता/कार्यत्रकर्ता सडक आन्दोलनमा छन् ।

कानून बनाउने सांसदले कानून कार्यान्वयमा सघाउनुपर्नेमा नसघाएको र यो अदालतको अवहेलना भएको दाबी रिटमा गरिएको छ । अधिवक्ता अनुपम भट्टराईले रास्वापका सांसद तथा नेताहरुले अदालतलाई प्रभावित पार्ने प्रयास गरिरहेको आरोप लगाइएको छ । विचाराधीन मुद्दा र अनुसन्धानलाई प्रभावित पार्न लागि परेको भन्दै भट्टराईले सर्वोच्च अदालतमा रिट लगेका हुन् ।

रिटमा लेखिएको छ, 'विपक्षीहरुले मुद्दा विचाराधिन रहेको स्थानमा र अनुसन्धानको दायरमा रहेका व्यक्तिलाई रिहाई गर्नुपर्ने माग सहित खडा गरेको भिडले न्याय प्रक्रियामा अवरोध सृजना गरेको छ । न्यायपालिका स्वतन्त्र छैन भन्ने भाष्य प्रयोग गरी नाराबाजी गरेकोले न्यायलयको गरिमामा नकरात्मक सन्देश प्रवाह भइरहेको छ । न्यायाधीशको बारेमा अनुचित भ्रम सृजना »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२८ कात्तिक २०८१, बुधबार
13 November 2024, Wednesday

# हिमालको सुरक्षा भनेको पृथ्वीको सुरक्षा हो भन्ने नबिसौं : राष्ट्रपति

**धर्मेन्द्र झा/रासस**
बाकु (अजरबैजान), २७ कात्तिक

राष्ट्रपति रामचन्द्र पौडेलले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आह्वान गरेका छन् ।

अजरबैजानको बाकु सहरमा यही कात्तिक २६ गतेदेखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन (कोप-२९) मा विश्व नेताहरूको उच्च स्तरीय सत्रलाई मंगलबार यहाँ सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सो आह्वान गरेका हुन् ।

'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौँ, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई संकटमा पुऱ्याउँछ भन्ने विश्वले बिर्सन हुन्न', राष्ट्रपति पौडेलले भने ।

उनले यसका लागि हिमालदेखि समुद्रसम्मको एकीकृत र समष्टिगत अनुकूलन अवधारणालाई औपचारिक संवादको विषय बनाउन समेत सो सम्मेलनमा प्रस्ताव गरे । साथै, नेपालले यसै अवधारणामा आधारित भई सगरमाथा संवाद कार्यक्रम सञ्चालन गर्न लागेको उनले जानकारी दिए ।

राष्ट्रपति पौडेलले आफू जलवायु न्याय र क्षतिपूर्तिको आवाज लिएर यस सम्मेलनमा सहभागी हुन आएको बताउँदै भने, 'गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्दछ ।'

जलवायु परिवर्तनको मारबाट पृथ्वीनै संकटमा रहेको उनले बताए । विशेष गरी गरिव, अल्पविकसित, विकासशील तथा साना टापु मुलुकहरू यसको पीडाबाट बढी प्रभावित रहेको उनको भनाइ थियो । 'नगन्य कार्बन उत्सर्जन गर्ने तर व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको छ', राष्ट्रपति पौडेलले भने ।



उनले नेपाल अहिले पनि जलवायुजन्य प्रकोपको आलो पीडामा रहेको बताए । हालैको बाढी पहिरो तथा हिमताल विष्फोटनलगायतका विपद्बाट सयौँ मानिसको मृत्यु र अर्बौंको भौतिक क्षति भएको र त्यसको पुनर्लाभ र पुन:स्थापना अझ भइनसकेको राष्ट्रपति पौडेलले जानकारी दिए ।

'विश्व समुदायको हित र पृथ्वीको रक्षाको लागि नेपालले प्राकृतिक स्रोतसाधनको उपयोगमा अनुशासन कायम राख्दै कार्बन उत्सर्जन न्यूनीकरणको महत्वाकांक्षी एनडिसी योजना कार्यान्वयन गरिरहेका छौं, वन क्षेत्र बढाएका छौँ, स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएका छौँ तथा अरु थुप्रै प्रयासहरु भएका छन्', राष्ट्रपति पौडेलले भने ।

उनले थपे, 'हाम्रा प्रयासका तुलनामा जलवायु परिवर्तनको असर व्यापक रहेकाले हाम्रासामु धेरै चुनौतीहरु छन् जसको सामाना गर्न हाम्रो क्षमताले पुग्दैन । 'जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरणका लागि हामीले गरिबी निवारणमा छुट्याएको बजेट कटौती गर्नुपरेको छ, यसबाट हामीहरु झन अन्यायमा परेका छौँ, यसका लागि प्रदूषकले प्रदूषणबापतको क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त व्यवहारमा लागू गर्नुको साथै उत्सर्जन घटाउनु पनि पर्दछ ।'

जलवायु वित्त कोषहरूमा घोषणा गरिएको रकम अपुग त छँदैछ, घोषणा गरिएको रकम पनि जम्मा हुन नसक्नु, जम्मा भएको रकम पनि झन्झटिलो प्रक्रियाले गर्दा लक्षित समुदायमा सहज पहुँच हुन नसक्नु दु:खद् भएको उनको भनाइ थियो । 'जलवायु जोखिममा परेका विकाशील राष्ट्रलाई दिने गरी स्थापना भएको हानिनोक्सानी कोषलाई छिटो सञ्चालनमा ल्याउन म आह्वान गर्दछु, हिमाल, स्वच्छ पानी र जैविक विविधताको संरक्षणमा योगदान गर्ने नेपालजस्तो मुलुकको योगदानको मूल्यांकन र सोको भुक्तानीमा जोड दिन चाहन्छु', राष्ट्रपति पौडेलले भने ।

जलवायु वित्तबाट सञ्चालन हुने कार्यक्रम अनुदानका रुपमा राज्यकोषमार्फत सञ्चालन गर्नु उपयुक्त हुने उनको धारणा थियो । 'पेरिस सम्झौताको बाध्यकारी व्यवस्था र विकसित राष्ट्रको प्रतिबद्धताअनुरूप प्रविधि हस्तान्तरण र क्षमता विकासमा यथेष्ट अनुदान रकम प्रदान गरिनुपर्दछ', राष्ट्रपति पौडेलले भने ।

उनले जलवायु न्याय, समता र क्षमताका आधारमा जलवायु वित्तका नवीन साझा परिमाणात्मक लक्ष्य निर्धारण गर्न र पृथ्वीको औसत तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न तथा हिमाली एवं अल्पविकसित मुलुकहरुलाई जलवायु न्याय एवं दिगो विकास सुनिश्चित गर्न सम्मेलनले ठोस प्रतिबद्धता गर्ने विश्वास व्यक्त गरे । सो सत्रमा अजरबैजानका राष्ट्रपति इलहाम अलियेफले स्वागत गरेका थिए भने संयुक्त राष्ट्र संघका महासचिव एन्टेरियो गुटरेसलगायत विश्वका विभिन्न राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले सम्बोधन गरेका थिए ।

# सूचनाको हकका अभियानकर्मी भुल हत्याको निष्पक्ष छानबिन गर्न माग

**काठमाडौं/मस–** सूचनाको हकका लागि राष्ट्रिय महासंघले सूचना माग गरेकै कारण योजनाबद्ध रुपमा हत्या गरिएका कैलालीका सुरेश भुलको घटनाको यथार्थ छानबिन गरी दोषीमाथि कानूनी कारबाही गर्न माग गरेको छ ।

महासंघ जिल्ला कार्यसमिति कैलालीका सदस्यसमेत रहनुभएका भुलको कात्तिक २५ गते साँझ गौरीगंगा नगरपालिका-११ कान्तिपुर टोलस्थित आफ्नै पसलमा बसिरहेका बेला एक समूहले कुटपिट गर्दा निधन भएको अध्यक्ष उमीद बागचन्द र महासचिव अजयकुमार साहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस घटनाले देशभरका सूचनाको हकका अभियानकर्मी र महासंघलाई स्तब्ध बनाएको विज्ञप्तिमा उल्लेख छ । महासंघ अध्यक्ष बागचन्द नेतृत्वको समूहले मंगलबार गृहमन्त्री रमेश लेखकलाई भेट गरी घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानूनी कारबाहीको माग गरेको छ ।

कुटपिटबाट गम्भीर घाइते भएका भुलको धनगढीस्थित निसर्ग अस्पतालमा उपचारका क्रममा आइतबार निधन भएको कैलाली प्रहरीले जनाएको छ । घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानूनबमोजिम कारबाही गर्न महासंघले जोडदार माग गरेको छ ।

## तीन...

गएर छुटेका मनाङेले यो अवधिमा राजनीतिको राम्रो स्वाद चाखे । निर्वाचन जितेको र जेल बाहिर रहेर समेत मुद्दा लड्न पाउने कानूनी आधार देखाएर २०७५ पुस ६ गते मनाङेलाई जेलमुक्त गर्न सर्वोच्च अदालतले नै आदेश दिएको थियो । सर्वोच्चको आदेशले छुटेका उनी सर्वोच्चकै आदेशले पुनः जेल फर्किएका हुन् ।

कैदमुक्त भएपछि दुईपटक गण्डकी प्रदेश सांसदमा निर्वाचित मनाङे ६ पटक मन्त्री बने । प्रत्येक सरकार बन्नमा उनको निर्णय महत्वपूर्ण थियो । किनभने प्रत्येक सरकार बनाउन र गिराउन उनको एक मत निर्णायक रहन पुगेको थियो ।

२०७८ वैशाख १६ गते मनाङे पहिलोपटक मन्त्री बनेका थिए । उनी युवा तथा खेलकुद मन्त्री बनेका थिए । तर उनलाई मन्त्री बनाएका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले भने विश्वासको मत पाउन सकेनन् ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी नेकपा फुटेपछि गण्डकी सरकार अल्पमतमा पऱ्यो । गुरुङले विश्वासको मत नपाए पनि संसद्को ठूलो दलको हैसियतमा पुनः मुख्यमन्त्री बने । २०७९ वैशाख २९ गते मुख्यमन्त्री बनेपछि गुरुङले मन्त्रीमा मनाङेलाई दोहोऱ्याए । तर गुरुङले दोस्रो पटक विश्वासको मत नलिँदै मनाङेले कित्ता फेरे । गुरुङको सरकार ढलेर बनेको कांग्रेसका कृष्णचन्द्र नेपालीका पक्षमा उभिए । नेपाली मुख्यमन्त्री बनेपछि मनाङे युवा तथा खेलकुद मन्त्री बने ।

२०७९ को निर्वाचनमा मनाङे प्रदेश सभा सदस्यमा निर्विरोध निर्वाचित भए ।

एमालेका खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारमा मनाङे मन्त्री बने । मनाङे भौतिक पुर्वाधार मन्त्री बने । अधिकारी नेतृत्वको सरकार ढलेर कांग्रेसका सुरेन्द्र पाण्डे मुख्यमन्त्री बने । उक्त सरकारको पक्षमा उभिएपछि मनाङे फेरि भौतिक पूर्वाधार मन्त्री बने ।

गत गत असार १७ गते कांग्रेस र एमालेले संयुक्त सरकार बनाएपछि मनाङेको आवश्यकता परेन । एमाले र कांग्रेसको संयुक्त सरकारमा समेत वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाउँदा लत्याएर अगाडि बढेका मनाङे अन्तत जेल पुगेका हुन् ।

## अघि...

भने फरार छन् । यो अनुसन्धानमा पक्राउ परेका छविराज जोशीको बिभिन्न जिल्लामा बयान भइसकेको छ । छवि छि प्रहरीले ति जिल्लामा लगेर रवि लामिछानेको पनि बयान लिँदैछ । लामिछाने कात्तिक २ गते पक्राउ परेका थिए । कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो ।

कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परे लगत्तै रास्वपा आन्दोलनमा उत्रिएको छ । लामिछानलाई पक्राउ गर्न प्रहरीको केन्द्रीय अनुसिन्धान ब्युरो (सीआइबी) काठमाडौंको चमतीस्थित पार्टी कार्यालय पुग्दा लामिछानेका समर्थक र पार्टीका नेता/कार्यकर्ताले विरोध गरेका थिए । त्यसयता कहिले पोखरा त कहिले काठमाडौं केन्द्रित आन्दोलनमा रहेको रास्वपाले लामिछाने पुगे लगत्तै रुपन्देहीमा पनि विरोध प्रदर्शन शुरु गरेको छ । पोखराको सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडियामा र जीबी राईसँग मिलेर अपचलन गरेको आरोपमा पूर्वगृहमन्त्रीसमेत रहेका गोर्खा मिडियाका पूर्वप्रबन्ध निर्देशक तथा सञ्चालक रविसँगै गोर्खा मिडियाका पूर्वसञ्चालक जोशी र लिला पसाईंलाई पक्राउ गरी प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## कारागारमा...

जेलमा पहिले लागुऔषधको होलसेल कारोबार नै चल्थ्यो । रेडबुलको बोतलमा रक्सी जाने गरेको छ ।

जब भिडियो सार्वजनिक भयो, तब प्रहरी प्रशासनले छानबिन समिति बनाएर अनुसन्धान गरिरहेको बताएको ट । 'पहिलो चरणको अनुसन्धान हुँदैछ,' प्रशासकीय अधिकृत रबिन्द्र महतोले भने, 'दोषीमाथि कारबाही गर्नेछौं ।' तर, सरोकारवालाहरूका अनुसार कारागारमा देशभरका ब्रान्डेड रक्सी सजिलै पाइन्छ । सरोकारवालाहरू छानबिन समितिले दोषीमाथि कारबाही सिफारिस गर्न सक्नुपर्ने र उक्त सिफारिस कार्यान्वयन हुनुपर्ने बताउँछन् । अन्यथा, प्रहरी प्रशासनको विश्वासनीयतामा गम्भीर घाउ लाग्ने उनीहरुको राय छ । कारागारको अवस्थाबारे संसदीय समितिहरूले समेत अध्ययन गरिरहेका हुन्छन् । ति अध्ययनले पनि कारागारमा लागू औषधको प्रवेशबारे प्रश्न उठाउँदै आएका छन् ।

हालै प्रतिनिधि सभा अन्तर्गत्को कानुन, न्याय तथा मानव अधिकार समितिले देशका बिभिन्न कारागारको स्थलगत अध्ययन गरेको थियो । उक्त अध्ययनले कतिपय अवस्थामा कारागारभित्र हुने असुरक्षा वा झडपको स्थितिको मुख्य कारण लागू औषध हो । संसदीय समितिका अध्ययन प्रतिवेदनहरूका अनुसार कैदीबन्दीले मोबाइलको प्रयोग गरेर लागू औषध मगाउँछन्, र सेटिङमार्फत भित्र पुऱ्याउँछन् । यसलाई प्रहरीले रोक्न खोज्दा प्रहरीसँग समेत तनाव हुन्छ । 'लागू पदार्थ सेवन गर्नेहरुले सादा पोसाकका कर्मचारीलाई निशाना बनाउने गरेको, लागू पदार्थ ल्याउन रोकेको भनेर सुरक्षाकर्मीलाई नै कुटपिट गरेको' कानून न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनमा छ । उक्त प्रतिवेदनले कतिपय कारागारमा अभिभावकले लागू औषध पुऱ्याउने गरेको समेत देखाएको छ ।

## व्यवसायीले...

भिसा फ्रि टिकटमा ७ प्रतिशत कामदार गएको तथ्यांक प्रस्तुत गर्दै संघले ७ प्रतिशत कामदारले पाएको सुविधा नेपाल सरकारले गरेको निर्णयले नभइ रोजगारदाताहरूको बाध्यता वा नीतिका कारणले पाएको बताएको छ ।

विदेशस्थित नेपाली दूतावास वा कूटनैतिक नियोगहरूले मागपत्र प्रमाणीकरण नगरिदिँदा संस्थागतरूपमा कामदार जान नपाएको, भिजिट भिसामा यूएईमा लगेर अलपत्र पार्ने र ठगी गर्ने गरिएको भन्दै संघले वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ परिमार्जन गरी वैदेशिक रोजगार विभागबाट मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था गरिनुपर्ने माग गरेको छ ।

त्यस्तै जापान, इजरायल र कोरियामा म्यानपावर कम्पनीबाट कामदार पठाउने व्यवस्था गरिनुपर्ने, खाडी मुलुक तथा मलेसियामा संस्थागतरूपमा पठाउने व्यवस्थापन गरिनुपर्ने र वैदेशिक रोजगार ऐनमा इजाजतपत्र नवीकरण गर्न वार्षिक सय जना अनिवार्यरूपमा पठाउने व्यवस्था खारेज गरिनुपर्ने माग पनि संघले उठाएको छ ।

कार्यक्रम सञ्चालन गर्दै संघका महासचिव मेघनाथ भुर्तेलले सेवा शुल्क निर्धारण र नेपाली नियोगहरूबाट मागपत्र प्रमाणीकरण नहुँदा वैदेशिक रोजगार क्षेत्र धरासायी बन्ने टिप्पणी गरे । उनले यस विषयमा सञ्चार क्षेत्रले नेपाल सरकारलाई दबाब दिन जरुरी रहेको पनि उल्लेख गरे ।

## १८ सांसदविरुद्ध...

गरी समग्र न्यायपालिकालाई कमजोर बनाउने, स्वतन्त्र र सक्षम न्यायपालिकाबाट स्वच्छ न्याय प्राप्त गर्ने सर्वसाधरण नागरिकको हक अधिकारमा बाधा सृजना गर्ने, न्यायाधिशको मनोवल कमजोर बनाउने र अन्ततः न्यायिक प्रक्रिया नै अवरोध पुऱ्याउने कलुषित र दुरासयपूर्ण रहेको भन्ने तथ्यमा प्रयोग भएको अभिष्ट भाषा, शैली र कपोलकल्पित तथ्यको श्रृङ्खलाले पुष्टि गर्छ ।'

रिटमा सांसदहरु स्वर्णिम वाग्ले, मनिष झा, विराजभक्त श्रेष्ठ, चन्दा कार्की, गणेश पराजुली, डोलप्रसाद अर्यालसहित १८ जना विपक्षी छन् । प्रतिनिधिसभाका रास्वपाका २१ जना सांसद छन् ।

यही कात्तिक १४ गते सहरजिष्ट्रार अच्युत कुईकेलले ठोस प्रमाणको अभाव रहेको भन्दै अपहेलनाको रिट दरपिठ गरेको थियो । तर, उक्त रिट निवेदन मंगलबार न्यायाधीश विनोद शर्माको इजलासले बदर गरेको हो । दरपिठ आदेश बदर भएसँगै सभापति छुटाउन भन्दै अदालत र न्यायाधीशविरुद्ध सडकमा उगेका रास्वाका सांसदहरुविरुद्ध अवहेलना मुद्दा दर्ता हुने भएको हो ।

# प्रतिष्ठानको दीक्षान्त : प्रधानमन्त्रीले उद्घाटन गर्ने

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २७ कात्तिक

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाको प्रथम दीक्षान्त समारोह बुधबार हुँदैछ । कात्तिक २८ गते प्रधानमन्त्री तथा प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । प्रतिष्ठानका कुलपति डाक्टर मंगल रावलका अनुसार प्रधानमन्त्री ओलीले दीक्षान्त समारोहको उद्घाटन गर्नुका साथै नवनिर्मित शैक्षिक भवनको उद्घाटन गर्ने कार्यक्रम छ ।

प्रतिष्ठानका अनुसार कार्यक्रमका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदिप पौडेल पनि जुम्ला आउने कार्यक्रम छ । उक्त दीक्षान्त समारोह कार्यक्रममा ५८ जना विद्यार्थी दीक्षित हुने भएका छन् ।




प्रतिष्ठानका सिनेट सदस्यहरु समेत जुम्ला आइ पुगिसकेका छन् ।

दीक्षान्त समारोहका लागि प्रधानमन्त्रीको तयारी टिम, सिनेट सदस्य तथा विद्यार्थी जुम्ला पुग्ने आउने क्रम जारी रहेको छ । दीक्षान्त समारोहमा प्रतिष्ठानका संस्थापक संयोजक कर्णाली प्रदेश सरकारका पूर्व कानूनमन्त्री नरेश भण्डारी र सहसंयोजक पूर्वराज्यमन्त्री बलबहादुर महत पनि जुम्ला आएका छन् । यस अघि गत्त भदौ २३ गते प्रधानमन्त्रीको व्यवस्तताका कारण दीक्षान्त समारोह स्थगित भएको थियो । यस पटक उक्त कार्यक्रम पुनः हुने भएको हो ।

# अधिकारीमाथि अनुसन्धान गर्न ७ दिनको म्याद थप

**काठमाडौं/मस–** कोशी प्रदेशका पूर्वमन्त्री लिलाबल्लभ अधिकारीमाथि अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले प्रहरीलाई सात दिनको म्याद थप गरेको छ ।

अधिकारीमाथि अवैध रुपमा नेपाली नागरिकलाई जापान पठाएको गिरोहसँग संलग्नताको आरोपमा जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरिरहेको छ ।

कोशी प्रदेशका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री अधिकारीलाई मंगलबार काठमाडौं जिल्ला अदालतमा पेस गरिएकामा अदालतले थप अनुसन्धानका लागि हिरासतमा राख्न सात दिनको समय दिएको परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले बताए । यसअघि आइतबार दुई दिनको म्याद थप गरिएको थियो । अधिकारीलाई




विराटनगरबाट पक्राउ गरी आइतबार काठमाडौं ल्याइएको थियो । उनीसँगै अन्य पाँच जना पनि सोही प्रकरणमा पक्राउ परेका प्रहरीले जानकारी दिएको छ । यही कात्तिक १३ गते जापान जाने क्रममा त्यहाँको विमानस्थलबाट अधिकारी सहितका व्यक्तिहरु फिर्ता भएका थिए ।

# नगरपालिकामा लगाइएको ताला एक महिनापछि खुल्यो

**सप्तरी/मस–** हनुमाननगर कंकालिनी नगरपालिका र विभिन्न वडा कार्यालयमा लागाइएको ताला खुलाइएको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा नगरप्रमुख वीरेन्द्र माझी, वडाध्यक्षहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र बाढीपीडित आन्दोलनरत पक्षबीच भएको सहमतिअनुसार एक महिनापछि मंगलबार ताला खुलाइएको हो ।

गत असोज २५ गतेदेखि गरिएको तालाबन्दीले नागरिकमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दै अब यस्तो कार्य नगर्ने प्रतिबद्धतासहित ताला खोल्ने निर्णय भएको बैठकमा सहभागी हनुमाननगर कंकालिनी नगरपालिका-५ का अशोककुमार यादवले बताए ।

राहत वितरणमा पक्षपात गरेको भन्दै बाढी तथा




डुबानपीडितले नगरका वडा नं ५, ६, ७, १२ र १३ को वडा कार्यालयमा समेत तालाबन्दी गरिएको थियो । जसले सम्पूर्ण कामकाज ठप्प भइ जनजीवन प्रभावित बनेको थियो ।

मंगलबारदेखि वडा कार्यालय र नगरपीलकाको सेवा शुरु गर्दै १० दिनभित्र नगरसभा गरी कर्मचारीको तलब भत्ता वितरण गर्नेसमेत सहमति भएको छ ।

KUWAIT मा रोजगार

कम्पनी: RELAX TREATS HEALTH INSTITUTE AND SALON COMPANY FOR LADIES   शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२७   चलानी नं.: ६०२२७५०७   L.T. No.: 313411

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauty Salon Employee | 0 | 6 | सम्बन्धित काममा दक्ष | 130 | ५७,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 5 | 0 | | 150 | ६५,७८३ | | | | | | | |
| 3. | Cashier | 0 | 2 | | 150 | ६५,७८३ | | | | | | | |
| 4. | Cleaner Indoor | 0 | 11 | | 150 | ६५,७८३ | | | | | | | |
| 5. | Receptionist | 0 | 2 | | 150 | ६५,७८३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 981054684
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com, omamamanpowerdemand@gmail.com

# सामाजिक सञ्जालको प्रयोगमा प्रेस काउन्सिलको विशेष अपिल

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले आमसञ्चारमाध्यम र सञ्चारमाध्यमसँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेषगरी युट्युब च्यानल तथा फेसबुक पेजबाट सम्प्रेषित सामग्रीलाई तथ्यपूर्ण र विश्वसनीय बनाउन विशेष अपिल जारी गरेको छ ।




नियामक निकाय काउन्सिलले विभिन्न पेजसहित सामाजिक सञ्जालमा सञ्चालकको नाम, ठेगाना प्रष्ट हुनुपर्नेसहित तथ्यपूर्ण समाचारका लागि मंगलबार विशेष अपिल जारी गरको हो ।

सामाजिक सञ्जालमा देखिएका कतिपय आपत्तिजनक सामग्री अनुगमनसहित प्रवृत्तिगत अध्ययन गरी सच्याउन र सचेतना जगाउन विभिन्न काम समेत गर्दै आएको काउन्सिलले जनाएको छ ।

काउन्सिलका सहप्रवक्ता एवम् सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा युट्युब, अनलाइन टिभीसहित सामाजिक सञ्जालको पेजहरूको प्रयोगमा सहजता ल्याउन र व्यवस्थित बनाउन प्रेस काउन्सिलले बेग्लै कार्यविधि बनाइ कार्यान्वयन गरिरहेको उल्लेख छ ।

सञ्चारमाध्यमअन्तर्गत आबद्ध भएका सामाजिक सञ्जाल (युट्युब च्यानल एवम् फेसबुक पेज)बाट सम्प्रेषित सामग्रीका सम्बन्धमा उजुरी आएमा वा स्वअनुगमनबाट देखिएमा त्यस्ता सामग्रीका सम्बन्धमा पत्रकार आचारसंहिताको व्यवस्थाबमोजिम नै कारबाही भइरहेको र अन्य सामाजिक सञ्जालबाट अफवाह फैलाउने, द्वन्द्व बढाउने, अश्लील सामग्री सम्प्रेषण गर्ने, अन्धविश्वासलाई प्रश्रय दिने, अशिष्ट/अमर्यादित गतिविधि समेटिएको सामग्री सम्प्रेषण भएको देखिएमा अनुसन्धान गरी कारवाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गर्ने गरिएको काउन्सिलले जनाएको छ ।

पछिल्लो समय कतिपय सामाजिक सञ्जाल (युट्युब/फेसबुक पेज)बाट प्रचलित कानूनअनुसार दर्ता भइ स्थापित सञ्चारमाध्यमप्रति वितृष्णा फैलाउने गरी गलत भाष्य निर्माण गर्न भएका प्रयासप्रति काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको समेत विज्ञप्तिमा जनाइएको छ । 'सञ्चारमाध्यमको विश्वास नगर्न, अहिले सामाजिक सञ्जाल नै आधिकारिक माध्यम हुन् भन्ने जस्ता भाष्य निर्माण गर्न भएका प्रयासप्रति काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा उल्लेख छ । सामाजिक सञ्जाल दुरुपयोग गरी भ्रमपूर्ण, अफवाहपूर्ण, गालीगलौजपूर्ण सामग्री सम्प्रेषण भइरहेको विशेष अनुगमनबाट देखिएको काउन्सिलले जनाएको छ। सामाजिक सञ्जालमा भेटिने कतिपय अमर्यादित, अशिष्ट र तथ्यहीन सामग्रीले जनमानसमा अन्योलसमेत सिर्जना गरेको छ । काउन्सिलले यस्ता गतिविधिलाई गम्भीररूपमा लिइ समस्या समाधानका लागि राज्यका निकायहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिरहेको काउन्सिलले जनाएको छ ।

'मिडियाको आवरणमा रहेका पेज, ग्रुपसहितमा आबद्ध व्यक्तिहरूले विज्ञापनका लागि अनावश्यक दबाब दिने, अन्य बार्गेनिङ गर्ने र मागबमोजिम नभएमा वा विज्ञापन दिन अस्वीकार गरेमा त्यस संस्था, कम्पनी एवम् व्यक्तिको बारेमा तथ्यहीन, आधारहीन, अपुष्ट आरोपहरू लगाइ मिथ्या सूचना प्रकाशन/प्रसारण गर्ने गरेको भनि गुनासाहरू प्राप्त भइरहेका छन् । यस्ता गतिविधिहरुलाई तत्काल रोक्न प्रेस काउन्सिल सम्बद्ध सबैलाई सचेत गराउन चाहन्छ,' विज्ञप्तिमा भनिएको छ, 'सामाजिक सञ्जालले सत्य, तथ्य एवम् सन्तुलित सुचना प्रवाह गर्न सके मात्र यसप्रति जनविश्वास बढ्छ। कुनै सुचना प्रकाशित गर्नुअघि विश्वसनीयताको परीक्षण गर्नुपर्दछ । आफूले सम्प्रेषण गरेका सामग्रीउपर हुने विचार वा कमेन्टहरूबाट सिर्जित परिस्थितिको सार्वजनिक एवम् कानुनी जवाफदेहिता पनि स्वयम् सञ्चारमाध्यम एवम् सम्वद्ध सामाजिक सञ्जालको हुन्छ ।'

'आधिकारिक र विश्वसनीय सूचना प्रवाहबाट मात्र पत्रकारिता बलियो र प्रभावकारी हुन्छ। सामाजिक सञ्जालहरु पनि त्यसैका लागि सदुपयोग गर्न सके अहिले देखिएका कतिपय भ्रमहरु आफै हट्दै जानेछन्,' काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतको धारणा छ ।

प्रेस काउन्सिलले लागू गरेको कार्यविधिमा आमसञ्चारमाध्यमले झैं सामाजिक सञ्जाल (युट्युब च्यानल तथा फेसबुक पेजहरु)ले सञ्चालक र कार्यालय ठेगानासहित पूर्ण विवरण खुलाउनुपर्ने प्रष्ट उल्लेख गरेको छ । कानुनी प्रक्रिया पूरा नगरी चलाएका सञ्जालबाट सम्प्रेषित सामग्रीबाट प्रचलित कानुन उल्लंघन भए आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

विज्ञप्तिमा सञ्चार क्षेत्रलाई व्यवस्थित, विश्वसनीय, मर्यादित र प्रतिष्ठापूर्ण बनाउन प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयन हुनुपर्ने उल्लेख गर्दै संविधान र कानूनले स्थापित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पालना गर्न, गराउन साथै गल्ती सच्याउने आम सञ्चारमाध्यमको प्रतिबद्धतालाई सम्मान गर्नेतर्फ काउन्सिल सदैव सचेत एवम्क्रियाशील भएको उल्लेख छ ।

सञ्चारमाध्यमसँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेषगरी युट्युब च्यानल तथा फेसबुक पेजलाई प्रचलित कानून र आचासंहिताको पालना गरी सूचना सम्प्रेषण गर्न सम्बद्ध सबैमा काउन्सिलले आग्रह समेत गरेको छ ।

साथै मिडियाको दुरुपयोग गर्ने, भ्रम छर्ने, विज्ञापनलगायत 'बार्गेनिङ' गर्ने र मागबमोजिम नभएमा धम्की दिने, तथ्यहीन सामग्री प्रकाशन/प्रसारण गर्नेजस्ता गैरपेशागत आचरण प्रस्तुत नगर्न, नगराउन समेत विज्ञप्तिमार्फत काउन्सिलले विशेष अपिल गरेको छ ।

# राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २७ कात्तिक

राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ आयोजना गरिएको 'गैरआवासीय नेपाली तारा-२०२३, कतार सिजन ४' प्रतियोगीताका आयोजक गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) र तमु (गुरुङ) समाज कतारले आयव्यय सार्वजनिक गरेका छन्। आयोजकले दोहामा एक सम्मान कार्यक्रमको आयोजना गर्दै प्रतियोगिता सम्पन्न गर्न सहयोग गर्ने कलाकार, निर्णायक, सञ्चारकर्मी तथा सहयोगी दाता लगायतलाई मायाको चिनोसहित सम्मान पत्रले सम्मान गर्दै आयव्यय सार्वजनिक गरेका हुन् ।

सार्वजनिक गरिएको आयव्यय अनुसार राष्ट्रिय आविष्कार केन्द्रलाई रु ३ लाख ५१ हजार रुपैयाँ (करिब १० हजार कतारी रियाल) सहयोग गरिएको जानकारी दिइयो । कुल ८२ हजार ८ सय ६१ कतारी रियाल आम्दानी भएको प्रतियोगितामा कुल खर्च ८० हजार ९ सय २६ रियाल भएको जानकारी दिँदै २ हजार ५ सय ९४ रियाल बचत भएको एनसीसी कतारका कोषाध्यक्ष बुद्ध पाण्डेले कार्यक्रममा सार्वजनिक गरेका थिए ।

उनले सम्मान कार्यक्रममा ९ सय १९ रियाल खर्च भएको हुँदा कोषमा १ हजार ६ सय ७५ रियाल बचत रहे पनि ६ सय ५१ कतारी रियाल उठ्न बाँकी रहेको स्पष्ट पारे ।

कार्यक्रम नेपाली राजदूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुबेदीको प्रमुख आतिथ्यता तथा एनसीसी कतारका अध्यक्ष रमेश भट्टको सभाध्यक्षतामा सम्पन्न भएको हो । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रवासमा रहेका प्रतिभालाई उजागर गर्ने कार्यमा आयोजक सफल रहेको बताउँदै प्रशंसा गरे ।

तमु समाजकी अध्यक्ष टौ माया गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भट्टले स्थानीय कलाकारको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको स्मरण गर्दै आयोजक संस्था तमुसहित विभिन्न कोणबाट सहयोग गर्ने सम्पूर्णलाई कृतज्ञता ज्ञापन गरे। कार्यक्रमलाई एनसीसी कतारका महासचिव रबिन मगरले सहजीकरण गरेका थिए ।

१ डिसेम्बर २०२३ शुक्रबारका दिन पहिलो अडिसन लिँदै सुरु भएको प्रतियोगितामा कुल ४७ जना सहभागी भएका थिए । २ फेबुअरी २०२४ मा ग्राण्ड फिनाले गरिएको ताराको उपाधि रुष्तम तामाङले जितेका थिए भने नृत्य विधामा निरु श्रेष्ठले उपाधि जितेकी थिइन ।

# टायर पड्किँदा एकको मृत्यु, पाँच घाइते

**बागमती/मस** – पेट्रोल लोड ट्यांकरको टायर पड्किँदा मंगलबार मकवानपुरको हेटौँडामा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । हेटौँडा उपमहानगरपालिका-११ थानाभन्याङस्थित टायर रिपियर पसल नजिक मधेस प्रदेश ०३-००२ख ०३०० नम्बरको पेट्रोल लोड ट्यांकरको टायर मर्मत गर्ने क्रममा टायर पड्किँदा टायर पसलको मिस्त्री भारतको भोजपुर बस्ने ३४ वर्षीय महमद ऐजाजको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

टाउको र शरीरको बायाँ भागमा चोट लागेर गम्भीर घाइते भएका ऐजाजको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

सोही घटनामा परी उक्त पसलका कामदार पर्साको धोबिनी गाउँपालिका-२ निवासी १८ वर्षीय जाविर हवारे, ट्यांकर चालक हेटौँडा उपमहानगरपालिका-११ स्मारक निवासी ३९ वर्षीय देवान लामा, ट्यांकर छेउमा उभिरहेका धादिङको धुनिबेँसी नगरपालिका-२ भञ्ज्याङपोखरी निवासी २३ वर्षीय उत्तम बस्नेत, हेटौँडा उपमहानगरपालिका-११ नवपलुर निवासी ४७ वर्षीय मोहनलाल दुलाल र धादिङको थाक्रे गाउँपालिका-८ निवासी ३८ वर्षीय लक्ष्मण थापा घाइते भएको प्रहरीले जनाएको छ। घाइते सबैको हेटौँडास्थित चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक अर्यालले बताए ।

# सामुदायिक विद्यालयका छात्राहरुलाई आत्मरक्षा तालिम




**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २७ कात्तिक

वीरगञ्ज महानगरपालिकाले नगरभित्र रहेका सामुदायिक विद्यालय तथा निजी विद्यालय गरी करिब १० हजार भन्दाबढी छात्राहरुलाई आत्मरक्षाका लागि एक दिने तालिमको आयोजना गरेको छ ।

महानगरभित्र रहेको कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई तालिम दिन लागिएको हो। बुधबार बिहान १० बजेबाट शुरु हुने प्रशिक्षण कार्यक्रममा वीरगञ्जका सामुदायिक तथा निजी विद्यालय गरी करिब १० हजार बढी छात्राहरुको सहभागिता रहनेछ ।

वीरगञ्ज महानगर पालिकाका प्रमुख रजेशमान सिंहका अनुसार एकसाथ १० हजार भन्दा बढी किशोरीलाई आत्मरक्षाको तालिम दिएर विश्व रेकर्डसहित गिनिज बुकमा धेरै किशोरीलाई एक साथ तालिम दिएर महानगरले विश्व कीर्तिमानमा नाम लेखाउने तयारी समेत भएको छ ।

यो तालिम सफल रुपमा सम्पन्न भएमा वीरगञ्जको नाम अन्तर्राष्ट्रिय रुपमा चर्चित हुने भएको हुँदा आम नगरबासीलाई कार्यक्रम सफल पार्न नगर प्रमुख सिंहले आग्रह गरेका छन् ।

वीरगञ्ज महानगरपालिकाको आयोजना तथा नेपाल भारत सहयोग मञ्चको समन्वयमा भारतका ख्यातिप्राप्त मार्शल आर्ट प्रशिक्षक डाक्टर चिता यजनेश शेट्टीलाई बोलाएर किशोरीहरुलाई प्रशिक्षण दिन लागिएको र किशोरीहरूलाई आत्मरक्षामा प्रशिक्षित गर्दै भविष्यका लागि तयार पार्ने प्रयास मात्रै नभइ महानगरलाई एक सकारात्मक पहिचान दिने लक्ष्य बोकेको र बुधबार हुन लागेको प्रशिक्षणलाई व्यवस्थित बनाउन महिला स्वयंसेवीहरु खटाइने महानगपालिकाका उपप्रमुख इम्तियाज आलमले बताए ।

उनले भने,'महानगरको यस कदमले किशोरीहरूको सुरक्षामा मात्र नभइ समग्र समाजमा सकारात्मक प्रभाव पार्नेछ ।' आदर्शनगर रंगशालामा हुने प्रशिक्षणको सम्पूर्ण तयारी भइसकेको र छात्राहरुलाई ल्याउने लैजाने व्यवस्थासहित सुरक्षाको व्यवस्था मिलाइसकिएको वीरगञ्ज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले जानकारी दिए ।

भारतबाट आएका प्रशिक्षक शेट्टी अभिनेता, निर्देशक, निर्माता, मार्शल आर्टिस्ट र फिटनेस प्रशिक्षक समेत हुन् । शेट्टीले अमिताभ बच्चन, सलमान खान, अजय देवगन, गोविन्दा, फरहान अख्तर, ऋतिक रोशन, रेखा, करिश्मा कपुर, रवीना टन्डन, माधुरी दीक्षित, रोजर मूर, ज्याकी च्यान जस्ता धेरै बलिउड र हलिउड स्टारहरूलाई आत्मरक्षा सम्बन्धी प्रशिक्षण दिइसकेका छन्।

ख्यातिप्राप्त प्रशिक्षकद्वारा दिइने तालिमले छात्राहरु (किशोरी) आत्मरक्षाका लागि सक्षम हुने विश्वास नेपाल भारत सहयोग मंचका अध्यक्ष अशोक वैद्यले व्यक्त गरे ।

पत्रकार सम्मेलानमा प्रशिक्षक शेट्टीले आफू नेपालका छात्राहरुलाई प्रशिक्षण दिन आउन पाउँदा खुसी लागेको बताए ।

महानगरको यो पहललाई बिरगंज वासीले सकारात्मक रूपमा लिएका छन् । नगरका विभिन्न सामाजिक तथा महिला संगठनहरूले यो तालिमले किशोरीहरूको आत्मविश्वास बढ्ने र भविष्यमा चुनौती सामना गर्ने क्षमतामा वृद्धि हुने विश्वास व्यक्त गरेका छन्। वीरगञ्जका स्थानीयबासिन्दा समेत यो तालिमको तयारी देखेर उत्साहित छन् ।

तालिम सफलतापूर्वक सम्पन्न भएमा वीरगञ्जको नाम वर्ल्ड रेकर्डमा समावेश हुनेछ, जसले नगरको पहिचानलाई अन्तर्राष्ट्रिय मञ्चमा अझ बलियो बनाउनेछ । तालिमले अन्य महानगरहरूलाई पनि यस्ता कार्यक्रम गर्ने प्रेरणा दिने सम्भावना रहेको छ ।


**Saudi Arabia मा रोजगार** — **Support Lines Contracting Co.**

पूर्व स्वीकृती मिति: २०८१/०७/२७ — चलानी नं. : ६०२२७८९३ — LT No.: 313446

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | कामना रा | 1500 | ५४,००० /- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

**Khebrat Alaamal Contracting Co.**

पूर्व स्वीकृती मिति: २०८१/०७/२७ — चलानी नं. : ६०२२७८७७ — LT No.: 313445

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 35 | 0 | कामना दक्ष | 1500 | ५४,००० /- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Professional/Worker | 50 | 0 | | 1000 | ३६,००० /- | | | | | | | |

अन्तरवार्ता २०८१ मंसिर ५ गते (20 Nov., 2024) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## Invitation for Bids

**Province government**
**Ministry of Health**
**Health Directoriate**
**Madan Bhandari Hospital and Trauma Centre**
**Mangalbare, Morang, Koshi Province**

**InvitationforBids No: MBHTC/MORANG/GOODS/NCB-4/2081/2082**

**Date of publication: 2081-07-28**

1. Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang invites electronicbids from eligible bidders for the procurement of procurement of Surgical Goodsunder National competitive bidding – Single Stage Single Envelope procedures.
   The bidder must submit the bid for all the iteamsas mentioned below and offer discounts/ cross discounts. Evaluation will be done for each iteam separately, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.]
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang, Tel No- 021-410053, email- mbhtc.np@gmail.com or may visit PPMOegp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Informationtodepositthecostofbiddingdocument in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastria Banijya Bank** |
| **Name of Office** | : | **Madan Bhandari Hospital and Trauma Centre** |
| **Office Code no.** | : | **3700213011** |
| **Office Account no.** | : | **1000100201010001** |
| **Rajaswa (revenue) Shirshak no.** | : | **14229** |
| **AmountRs.** | : | **3000.00** |

4. Pre-bid meeting shall be held at 2081-08-16
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on2081-08-28 before 12 noon. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081-08-28 at 2:00 PM at the office of Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang.
7. Bids must be valid for a period of 90 days i.e. up to 2081-11-28 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 4,71,000.00,which shall be valid for 30 days beyond the validity period of the bidi.e. 2081-12-28.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts - Surgical Goods.

## सम्पादकीय

# ट्रम्पसँग आशा

डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति निर्वाचित भएपछि संसारभर पर्ने असरबारे बहस चलिरहेको छ । विशेषगरी विश्व अर्थतन्त्र, युद्ध, आप्रबासी समस्यासँग सम्बन्धित असरहरूबारे अनेक अनुमान भइरहेका छन् । ट्रम्प राष्ट्रपति निर्वाचित भए लगत्तै विश्वका धनीहरूको धन अझ धेरै बढिरहेको तथ्य सार्वजनिक भएको थियो । राष्ट्रपति निर्वाचित हुने निश्चित भएसँगै ट्रम्पले एलन मस्कको खुलेरै प्रशंसा गरेका थिए । समर्थकहरू सम्बोधन गर्ने क्रममा मस्कलाई नयाँ स्टारको परिचय दिएका थिए । ठूला ब्यापारीहरू ट्रम्पको जितमा उत्साहित बनेका छन् । उनलाई जिताउन पनि धनी ब्यापारीहरू नै लागेका थिए । उनका प्रतिस्पर्धा कमला ह्यारिसले मध्यम वर्ग, सामाजिक न्याय, कल्याण जस्ता एजेण्डालाई प्राथमिकतामा राखेकाले  ट्रम्प धनी ब्यापारीको पक्षमा उभिन पुगेका थिए । अवैधानिक बाटो भएर अमेरिका जानेहरूमाथि कडाइ गर्ने र वैधानिक तरिकाले अमेरिका जानेबारे पनि ट्रम्पले अनुदार नीति लिन सक्ने अनुमान गरिदैछ ।

यी सबै भन्दा बढी आशा गरिएको विषय हो, युद्ध । मध्यपूर्वमा चलिरहेको युद्ध रोक्ने भूमिका ट्रम्पले खेल्छन् भन्ने ठूलो विश्वास देखिन्छ । ट्रम्पले चुनाव जित्नुअघि र जितेपछि पनि युद्ध रोक्ने सार्वजनिक घोषणा गरेका छन् । अहिले चलिरहेको रूस–युक्रेन युद्ध होस् अथवा हमास र इजरायल युद्धमा कतै न कतै अमेरिकाको भूमिका रहेकाले पनि ट्रम्पको घोषणामा विश्वास गरिएको प्रष्ट छ । यदि एउटा पक्षलाई अमेरिकाले नबोक्ने हो भने युद्ध नलम्बिने धेरैको विश्लेषण छ । नेपालीहरूमा पनि ट्रम्पप्रति त्यही विश्वास छ । उनले युद्धको विपक्षमा उभिने निर्णय लिए भने त्यसको लाभ नेपाललाई पनि पुग्नेछ । किनकि रोजगार, शिक्षा, ब्यापार र अरू कुटनैतिक निकायहरूमा काम गर्नेगरी नेपालीहरू संसारभर फैलिएका छन् । युद्धरत क्षेत्रमा पनि नेपाली छन् । युक्रेन र रूसबीच चलिरहेको युद्धमा त नेपालीहरू त्यहाँका सेनामा भर्ती भएरै लडिरहेका छन्, ज्यान गुमाइरहेका छन् । त्यसैले ट्रम्पले युद्ध रोक्ने घोषणा गर्दा नेपालीले आशाका साथ हेरेका हुन् ।

युद्ध रोकियोस् र त्यसमा ट्रम्पको भूमिका रहोस्, त्यो सकारात्मक र स्वागतयोग्य कुरै हो । युद्धका कारण नेपालीहरूले ज्यान गुमाउने मात्र नभएर त्यसको प्रत्यक्ष असर देशभित्रै परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा परेको असरका कारण नेपाली उपभोक्तामाथि मूल्यको चर्को बोझ बढिरहेको छ । त्यसैले संसारभर फैलिएका नेपालीहरूका निम्ति मात्र नभएर मुलुकको अर्थतन्त्रको सुधारमा पनि युद्ध बाधक बनिरहेको छ । तर ट्रम्पप्रति आशा गर्नु वा नगर्नु अलग विषय हो । सोच्नुपर्ने कुरा भनेको जोखिमयुक्त क्षेत्रमा युवाहरूलाई पुग्न नदिने र सुरक्षित तरिकाले मुलुकमा ल्याउने विकल्प हो । देशभित्रै नागरिकले सपना देख्ने अवस्था सिर्जना गर्नु हो । त्यो नै दीर्घकालीन समाधान हो । अन्तर्राष्ट्रिय परिस्थितिको सुधार र बिगारलाई सहायक कुरा मात्र मान्नुपर्छ ।

# सुशासनको सवाल

अग्रलेख



● गम्भीर बहादुर हाडा

सत्तरीको दशकको मध्यबाट जब विश्वमा प्रजातन्त्रको लहर प्रारम्भ भयो, त्यसै बेलादेखि सुशासनको अवधारणाले लोकप्रियता पाउन थालेको हो । सूचना क्रान्तिले एकातिर मानवको सामाजिक अस्तित्वलाई चिन्तन धाराको केन्द्रबिन्दुमा ल्यायो भने अर्कोतिर प्रतिनिधिमूलक प्रजातन्त्रका सीमाहरू पनि प्रस्ट पारिदियो । वास्तवमा प्रतिनिधिमूलक भनिएको परिपाटीले राज्य र समाजको तल्लो तह तृण मूल तहका जनताका बिचमा प्रभावकारी सम्बन्ध स्थापित गर्न सकेन । परिणामस्वरूप विकासोन्मुख मुलुकहरूमा प्रतिनिधिमूलक प्रजातन्त्रको ठाउँ बिस्तारै-बिस्तारै सहभागितामूलक प्रजातन्त्रले लिन थाल्यो ।

सुशासनमा सरकारका अतिरिक्त निजी, गैर-सरकारी क्षेत्र, गैर-सरकारी संस्था तथा नागरिक समाजले सबैको सहभागिता सुनिश्चित गर्दछ । यसरी विकासको केन्द्रबिन्दु मानिएको जनता स्वयंको प्रतिनिधित्व शासन गराउँदा विकास प्रभावकारिता हुन्छ । सुशासनले व्यापक जनसहभागितामा जोड दिन्छ । विधिको शासन, जबाफदेही कर्मचारीतन्त्रलाई जोड दिने भएकोले ग्रामीण विकासमा प्रभाव पार्दछ । जनताप्रति उत्तरदायी सरकार हुने भएकाले जनताका चाहना, आवश्यकताको सम्बोधन हुन्छ । सुशासनले लैङ्गिक समानता र जन सशक्तीकरणमा जोड दिने भएकोले सामाजिक विभेदको अन्त्य हुन्छ ।

सुशासनको क्षेत्र, सीमा र परिभाषाले के-कति दायरा समेट्न सक्दछ भन्ने कुरा देश, काल, परिस्थिति, विकासको स्तर, सामाजिक, आर्थिक, शैक्षिक अवस्था र चेतनाको स्तरमा भर पर्दछ । विकसित देशहरूको सन्दर्भमा निजीकरण र बजार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र सोको लागि सरकारको भूमिकालाई न्यून पारी निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्नेसम्मको दायरा सुशासनले समेट्न सक्दछ । यसको विपरीत विकासोन्मुख देशहरूको सन्दर्भमा भने निजी र सरकारी क्षेत्रको सहयात्रामा आर्थिक, सामाजिक क्रियाकलापहरू सञ्चालन गरी पिछडिएका वर्ग र समुदायको उत्थानतर्फ शासकीय सुधार गर्नमा नै यसको दायरा सीमित हुन पुग्दछ ।

सामान्य अर्थमा सुशासन भन्नाले सरकारले नियम, कानुनबमोजिम पारदर्शी तवरमा राम्रो ढङ्गबाट कार्य सम्पादन गर्नु हो भन्ने बुझिन्छ । सुशासनले ओगट्ने क्षेत्र र प्रक्रिया विस्तृत छ । यसका निम्ति अनेकौं तत्वहरूको सम्मिश्रण जरुरी छ । सुशासनको सफलताका लागि राजनीतिक, प्रशासनिक, आर्थिक प्रक्रिया र नागरिक समाजको सुस्पष्ट परिचालनद्वारा वाञ्छित उद्देश्य हासिल गर्न प्रयत्नशील रहनु जरुरी छ । सुशासनको माध्यमबाट जन साधारणलाई उत्साह दिलाउन सक्नुपर्छ । सुशासनको अवधारणाअनुरूपको प्रशासन संयन्त्रको विकासमा नेपालको मौजुदा प्रशासनयन्त्रभित्रका विभिन्न पक्षहरू बाधकका रूपमा रहेका छन् । विशेषगरी प्रशासनयन्त्रभित्र हुर्किएको अवाञ्छित राजनीतिक प्रभावले समग्र प्रशासनयन्त्र प्रताडित हुन पुगेको छ । राजनीतिक आस्थाको आधारमा सञ्चालन गरिने प्रशासनयन्त्रभित्र जिम्मेवारी बहन गर्ने भावना र उत्तरदायित्व निर्वाह गर्ने आकांक्षा सधैंभरि मृत प्रायः हुन्छ ।

सुशासन कायम गर्न सरकारी नीतिको महत्व छ । नीतिलाई खुकुलोसित प्रयोग गर्दा नियम, प्रथा र निर्णयसँग अलमलिने डर हुन्छ । नियमले के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने बताउँछ, त्यस अर्थमा यो निर्देशक हो तर नीतिको विपरीत यो निर्दिष्ट र कठोर हुन्छ । प्रथा भनेको उही ढङ्गले चल्ने बानी बनेको बाटो हो । तर, प्रथा स्वतः विकसित हुन्छ भने नीति जानाजान गरिने कृत्य हो । निर्णय प्रायः नीतिको दायराभित्र रहेर गरिने कार्य हो अर्थात् नीतिसँग निर्णयहरूको श्रृंखला नै जोडिएको हुन्छ ।

राष्ट्रिय हितको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न सक्रिय एवम् प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने र अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि, प्रतिष्ठा र भूमिकालाई प्रभावकारी बनाउनेतर्फ परराष्ट्र नीति परिलक्षित रहेको छ । द्विपक्षीय र बहुपक्षीय कूटनीति विधामा आधारित विश्व व्यवस्था एवम् क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानुनी व्यक्तिको हकहित संरक्षण, सार्वजनिक कूटनीति र ट्र्याक टु कूटनीति जस्ता विषयलाई प्राथमिकतामा राखी परराष्ट्र नीति तथा कूटनीति सञ्चालन गरिएको छ ।

सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई थप पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन विद्युतीय खरिद निर्देशिका, २०८० कार्यान्वयनमा आएको छ । जसअनुसार सार्वजनिक खरिदमा संलग्न भई कानुनबमोजिम जिम्मेवारी बहन नगर्ने वा गैर कानुनी हानी नोक्सानी पुऱ्याउने व्यक्ति/फर्म/संस्था/कम्पनी कालोसूचीमा पर्न थालेका छन् । केन्द्र र प्रदेशसँगै स्थानीय तहमा पनि कानुन कालोसूचीमा राख्ने कामहरू हुन थालेका छन् । जसले हाम्रो अवस्थालाई छर्लङ्ग पार्दछ ।

सोह्रौं योजना आर्थिक वर्ष (२०८१/८२-२०८५/८६) शासकीय सुधारको कार्यक्रमअन्तर्गत विद्यमान कानुनी व्यवस्थामा संशोधन तथा अन्य क्षेत्रगत कानुनहरूसँग सामञ्जस्ययता कायम गर्ने, जीर्ण पुलहरूको पुनर्निर्माण गर्न आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्था गर्नका लागि सडक शुल्कको प्रभावकारी कार्यान्वयन गर्ने जस्ता काम सुरु भएका छन् । कर प्रस्ताव विधेयकमार्फत कर निर्धारण प्रणालीलाई संसदको छलफलको विषय बनाउने,



> *यदि साँच्चिकै जनताले अपेक्षा गरेअनुसार सुशासनको प्रत्याभूति गराउने हो भने उच्च तहबाटै प्रशासनिक प्रतिबद्धता जाहेर गरी इमानदारीपूर्वक पालना गर्ने र कुरामा भन्दा काममा बढी जोड दिने अवस्था बन्नुपर्छ । नीति योजना र अन्य क्रियाकलापको प्रभावकारीरूपले अनुगमन र मूल्यांकन गर्ने प्रणाली र संयन्त्रको विकास गरिनु आवश्यक छ ।*

करको दररेट कायम गर्ने र कर छुट दिने अधिकारलाई राजश्वका स्रोत र दरहरूको पुनर्संरचना गर्ने काम भएको छ । कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परीक्षण र अनुसन्धान गर्ने, कराधार संरक्षण एवम् अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गराउने गरी कर कानुनहरूको पुनरावलोकन र अवलम्बन गर्ने, राजश्व चुहावट नियन्त्रण, कर परिपालना अभिवृद्धि र राजस्वका नयाँ आधारहरूको पहिचान तथा विस्तार गर्नेः विद्युतीय कारोबार मार्फत औपचारिक अर्थतन्त्रको विकास तथा कर सचेतना अभिवृद्धि गर्दै राजस्वको दायरा विस्तार गर्ने नीति तथा रणनीति राखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शासकीय सुधार कार्यक्रमअन्तर्गत संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ । राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ । सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ । ई गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ । सेवाग्राही र सेवा प्रदायकबिच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइने उल्लेख छ । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिने कार्यक्रम राखिएको छ ।

स्थानीय स्वायत्त शासन ऐनको कार्यान्वयन र स्थानीय जनप्रतिनिधिमूलक संस्थाहरूको जबाफदेहितामा आएको अभिबुद्धिबाट स्थानीय निकायहरू प्रभावकारी हुँदै गएको भए तापनि ती निकायहरूमा निर्वाचित जनप्रतिनिधिहरूको रिक्तताबाट स्थानीय स्तरको सेवा प्रवाहमा नकारात्मक असर परेको छ । नेपालमा हालसम्म देखा परेका सुशासन सम्बन्धी मुख्य रूपमा समस्या र अवरोधको रूपमा देखिएका निम्न शीर्षकहरूलाई विभाजन गर्न सकिन्छ ।

- *नीति तर्जुमा गर्दा पहिचान गरिने विषयको यथार्थता र वास्तविकता प्रमाणित गर्न आवश्यक पर्ने सूचना र ज्ञानको कमी*
- *नीति तर्जुमा तथा विश्लेषण लागि आवश्यक पर्ने विशेषज्ञता, कार्यमूलक क्षमता सहितको संस्थागत संयन्त्रको अभाव*
- *सम्बद्ध पक्षको सक्रिय सहभागिताको अभाव*
- *नतिजा र परिणामको प्रक्षेपण र पूर्वानुमान गर्न नसक्नु*
- *समस्या र चुनौतीको पूर्व आकलन नगरिनु*
- *स्रोत साधनको अभाव र मौजुदा स्रोत साधनको उपयुक्त परिचालन हुन नसक्नु*
- *राजनीति र प्रशासनिक नेतृत्वबिच समझदारी, समन्वयको अभाव*
- *नीतिको प्रकृति अनुरूपको तर्जुमा प्रक्रिया अवलम्बन नगरिनु*
- *अधिकार, जिम्मेवारी र उत्तरदायित्वबिच सन्तुलनको अभाव साथै उत्तरदायित्व पन्छाउने प्रवृत्ति*
- *नीति कार्यान्वयन गर्न कार्य योजना, कार्यविधि तय नगरिनु र कार्यहरूको प्राथमिकीकरण नगरिनु*
- *नीति सम्बद्ध व्यक्तिहरूको मनोवैज्ञानिक पक्ष कमजोर एवम् नकारात्मक हुनु*
- *राजनीतिक दाउपेच घात प्रतिघात र प्रशासनमा अत्यधिक राजनीतिक हस्तक्षेप तथा भ्रष्टाचार, राष्ट्र र जनताको हितको संरक्षण र अभिवृद्धिको राजनीतिज्ञहरूको उदासीनता, राजनीतिक प्रतिबद्धताको कमी ।*

पदस्थापन, सरुवा, काज, कायममुकायम, अस्थायी ज्यालादारी सम्बन्धी कमी कमजोरीहरूलाई हटाएर ऐन, नियममा भएका प्रावधानहरूको कडाईका साथ पालन गर्नु, गराउनु आजको प्रमुख आवश्यकता हो । निजामती कर्मचारीलाई शैक्षिक भत्ता, आवास भत्ता, जस्ता अप्रत्यक्ष सुविधाहरूमा वृद्धि गर्ने परिपाटी बसाल्नु पर्छ । हाल विद्यमान रहेका सेवा समूह, उप-समूह जथाभावी गठन गर्ने र हटाउने परिपाटी बन्द गरी निश्चित मापदण्डका आधारमा सेवा समूह, उप-समूहहरूको व्यवस्था गर्ने तर्फ दीर्घकालीन नीति बन्नु पर्छ र सोही अनुरूप ऐनमा स्पष्ट प्रावधान राखिनु आवश्यकता छ । कर्मचारीले गर्नुपर्ने कामको प्रकृति हेरी सम्भव भएपछि कुन काम कति दिन भित्र गरिसक्नु पर्ने हो । नीति तय गरी तदनुसार भए नभएको, गरे नगरेको हेर्ने, काम कारबाही उपर निगरानी राख्ने उचित व्यवस्था मिलाइनु पर्दछ । समाजलाई भ्रष्टाचारबाट मुक्त गर्न भ्रष्टाचारका विरुद्ध जनमत तयार गर्न सामाजिक संस्कारको जगेर्ना र संरक्षण अत्यावश्यक हुन्छ ।

कानुन उल्लंघन गर्ने उपर कडाइका साथ कारबाही नहुनु, राजनीति र प्रशासन भ्रष्ट र नारामुखी मात्रै हुनु आदि यस्ता समस्याहरूले गर्दा सुशासन कायम गराउन कठिनाइ परिरहेको छ । सुशासनको सफल कार्यान्वयनका लागि उच्च तहबाट प्रशासनिक प्रतिबद्धता जाहेर गरी इमानदारीपूर्वक पालन गर्ने र कुरामा भन्दा काममा बढी जोड दिने अवस्था बन्नुपर्छ । नीति योजना र अन्य क्रियाकलापको प्रभावकारीरूपले अनुगमन मूल्यांकन गर्ने प्रणाली र संयन्त्रको विकास गरिनु आवश्यक छ । अर्को कुरा, भ्रष्टाचार रोक्नलाई प्रभावकारी कदम चालिनु पनि त्यतिकै आवश्यक रहन आएको छ । प्रभावकारी व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने, दक्ष, सक्षम एवम् कार्यमूलक नीति तर्जुमा संयन्त्रको निर्माण, सहभागिता, सचेतना र संचार व्यवस्थाको प्रभावकारी व्यवस्थापन, सार्वजनिक नीति तर्जुमा आचारसंहिता तर्जुमा, उत्तरदायित्व प्रति सचेत रहनु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- किशोर नेपाल**

रवि लामिछाने प्रधानमन्त्री भए भने नेपालका सहर बजारमा अमेरिकामा जस्तै जतासुकै ‘सब वे’ खुल्नेछन् भन्ने आशा धेरैले राखेका थिए । तर, उनी उपप्रधानमन्त्री बन्न हतारिए । नेपालमा उपप्रधानमन्त्रीको पद कसैलाई फापेको देखिएको छैन ।



**- सरोज पोखरेल**

थोरै जनसङ्ख्या भएको सुन्दर देश हो यो । सहर, गाऊँ सबै सुन्दर र आकर्षक बनाउन सकिन्छ । थोर बहुत कमाउने र बेथितिमै रमाउने अनपढ, अज्ञानी जनता धेरै छन् यहाँ । झट्ट हेर्दा मन कटक्क त हुन्छ, तर असभ्य, अज्ञानी जनतालाई कडा नियममा नबाँधी देश सुन्दर, मनोरम र व्यवस्थित कसरी हुन्छ हजुर !



**- रञ्जित तामाङ**

सुशासनको मुरली बजाइरहेका रास्वपाका मित्रहरू ! भगवान् राम वनवास गएका बेला भरतले सिंहासनमा रामको खराउ राखेर शासन चलाएका थिए । यसैगरी तपाइँहरूले पनि रवि लामिछानेको एक जोर स्पोर्ट सूज सभापतिको कुर्सीमा राखेर पार्टी चलाउने कि ! यसो गरे कसो होला ?



**- मुमाराम खनाल**

भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता, सम्झौता र निर्माण भ्रष्टाचारको कुरालाई एकछिन अलग्गै राखौं, तर यसको सञ्चालनमा सरकार र नागरिक उड्डयन प्राधिकरणको कुनै चासो नहुनु चाहिँ सुनियोजित षडयन्त्र हो । एकद्वारबाट भइरहेको भ्रष्टाचारलाई सबै संयन्त्र बनाएर तीनतिर किन बाँड्नु त ?

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | दैनिक कार्यमा प्रगति हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ । |
| वृष | : | प्रियजनसँग भेट हुनेछ । पारिवारिक उल्झनले तनावमा वृद्धि गर्छ । |
| मिथुन | : | आत्मविश्वास राख्नुहोला । आध्यात्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| कर्कट | : | कार्यमा सफलता भएको कारण शान्तिमा वृद्धि हुने योग छ । |
| सिंह | : | स्वास्थ्य राम्रो रहनेछ । सम्बन्धहरूमा भने विवाद आउन सक्छ । |
| कन्या | : | विदेश यात्रा तथा रोजगार प्राप्तिको योग छ । |
| तुला | : | आफन्तसित विवाद हुनसक्छ । विनम्रतापूर्वक कार्य गर्नु होला । |
| वृश्चिक | : | कार्यमा नोक्सान हुनेछ । धर्म पालनामा रुचि देखिन्छ । |
| धनु | : | स्वास्थ्य समस्याको योग छ । स्थान परिवर्तन हुनसक्छ । |
| मकर | : | व्यापारिक यात्रा सफल हुनेछ । धेरै भरोसा गर्नु हुँदैन । |
| कुम्भ | : | बानी व्यवहारमा सुधार गर्नुपर्छ । घरेलु कार्य सफल हुनेछ । |
| मीन | : | आफ्नो काममा मात्र ध्यान दिनु होला । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मजदुर अधिकारको पक्षमा गर्नुपर्ने संघर्ष

विचार



● ईश्वर बुढाथोकी

मजदुरहरूको निकै गर्विलो इतिहास छ । विश्वमा मजदुरहरूकै नेतृत्वमा ठूला-ठूला क्रान्तिहरू सम्पन्न भएका छन् । नेपालको सन्दर्भमा पनि प्रत्येक चरणका क्रान्ति मजदुर वर्गकै पहल र सक्रियतामा भएका छन् । मजदुरहरूको एकता र अग्रसरताबाटै आन्दोलनहरू निर्णायक अवस्थामा पुगेका छन् । यद्यपि, यस्तो गर्विलो इतिहास बोकेका मजदुरहरू निकै हेपिएका तथा चेपिएका छन् । उनीहरू धेरै अधिकारबाट पाखा पारिएका छन् । सरकारको नीति पनि मजदुरहरूको पक्षमा छैन । सरकारको नीति मजदुरहरूमाथि नै शोषण गर्ने खालको छ । सरकारकै तर्फबाट नै मजदुरमाथि ठूलो विभेद गरिएको अवस्था छ । सायद, सबैभन्दा बढी ज्यालामा विभेद सरकार मातहतकै विभिन्न निकायमा भेटिन्छ । सरकारी उद्योगधन्दामा मजदुरहरूको अवस्थालाई हेर्दा नै वास्तविकता छर्लङ्ग हुन्छ । अर्कोतर्फ, उद्योगधन्दा खोल्नुभन्दा पनि भइरहेका उद्योगहरू कौडिको भाउमा बेच्ने, थप उद्योगहरू खोल्ने दिशामा अग्रसर नहुने र सञ्चालनमा आएका उद्योग, कलकारखानाहरूलाई निजीकरणमा लैजानु आदि कारण मजदुरहरूलाई पारिश्रमिक तथा समान ज्याला थप विभेद बढ्दो छ ।

सरकारले उद्योगधन्दा खोलिएको भए रोजगारको सिर्जना हुने थियो मजदुरहरूको संख्या पनि बढ्ने थियो । श्रमिकहरूले आफ्नो क्षेत्रबाट वस्तु र माल उत्पादन गरी देशको लागि योगदान दिने थिए । देश परनिर्भर होइन, आत्मनिर्भर हुने थियो । यद्यपि, वर्तमान सरकारको उद्योग खोल्ने होइन, बेच्ने नीति छ । हाम्रो अर्थव्यवस्था परनिर्भरताको कारण निकै कमजोर अवस्थामा छ । राजनीतिक अस्थिरता, सामाजिक न्याय मर्दै गइरहेको छ । परनिर्भरताले देश कमजोर मात्र होइन, प्रत्येक नागरिकको टाउकोमा ऋण बढिरहेको छ । मानिस जन्मेकै दिनदेखि विदेशी ऋण बोकेर आउनु पर्ने अवस्था छ । यो सबै हुनुमा वर्तमान व्यवस्था मुख्य कारण हो । मजदुर वर्ग वा सर्वहारा वर्गको अधीनस्थमा राज्यसत्ता नहुनु पनि मूल समस्याको कारण हो ।

मजदुरहरूले श्रम गरेनन् भने देशको अवस्था नाजुक हुन्छ । यतिखेर श्रमिक तथा मजदुरहरूको अवस्थामा कुनै सुधार हुन सकिरहेको छैन । परिवर्तनकामी आन्दोलनहरूमा रगत बगाएर आफ्नो ज्यानको आहुति दिने श्रमिक वर्गको भविष्यमाथि खेलबाड गर्ने संसदीय व्यवस्था र व्यवस्था स्वीकार गरिरहेका कथित नेताहरू न मजदुरको हितका काम गर्न सके न त अग्रसरता देखाए । न उनीहरूले कलकारखाना उद्योगधन्दा खोल्न विकास निर्माण लागि नेतृत्व लिन सके । उल्टै श्रमिक वर्ग विरोधी सत्ता निर्माण दिलोज्यान लगाए ।

आज देशको सारा युवा श्रम शक्ति पलायनको दिशातिर अगाडि बढिरहेका छन् । जोस, जाँगर र क्षमता हुँदाहुँदै पनि स्वदेशमै रोजगारीको सिर्जना नहुँदा मजदुरहरुले दयनीय अवस्थासँग जुध्नु परिरहेको छ । श्रमिक तथा मजदुरहरूले जीवनभरि श्रम गर्छन्, तर उनीहरूले कहिल्यै पनि श्रमको मूल्य पाउँदैनन् । एउटा वर्गले उनीहरूको श्रम शोषण गरिरहेको छ । जसले श्रम शोषण गर्छ, उही सम्पन्न र सुखी हुने अवस्था छ । जसले श्रम गर्छ ऊ भने भोकभोकै बस्नुपर्ने अवस्था छ । यही हो दलाल पुँजीवादी शासन सत्ताको विशेषता । जबसम्म मजदुरमाथि हरेक प्रकारका कुशासन तथा अन्यायपूर्ण व्यवहार राज्यबाट नै हुने गर्छ तबसम्म सुदूरभविष्यको कल्पना गर्न सकिन्न । अहिलेका नवऔपनिवेशिक दलाल संसदीय व्यवस्थालाई चिर्न सबै मजदुरहरूले आफूलाई तत्परता साथ अगाडि बढ्न जरुरी छ ।

हरेक सम्भावनाको ढोका खोल्न सक्ने अजय शक्ति मजदुर वर्ग उत्तर अधिनाकवादी संसदीय राज्य प्रणालीको अन्त्य गर्न र यसको जगमा वैज्ञानिक समाजवाद निर्माण गर्न एकजुट हुन आवश्यक छ । अन्यायले सीमा नाघेको, अस्थिरता र अराजकता बढ्दै गएको र दुनियाभरी असफलता व्यहोरी रहेको पुँजीवादले विभिन्न चरणहरू पार गर्दै यहाँसम्म आइपुग्दा उसले शोषण दमनका अनेकौं नयाँ-नयाँ स्वरूपहरू अपनाइरहेको छ । मजदुर संगठनलाई बदनाम बनाउन वर्ग समन्वयनकारी भूमिका र ट्रेड युनियनवाद जस्ता श्रमिक विरोधी कानुनहरू निर्माण गर्ने, श्रम ऐन कानुनहरूमा उदारवादका नीति घुसाई मजदुरहरूको अधिकारलाई कुण्ठित बनाउने, कथित हायर एण्ड फाएर, नो वर्क नो पे,  ठेकदारी, करार प्रथालाई संस्थागत गर्ने खालका गतिविधिहरू तीव्र बनाइरहेका छन् ।

प्रजातन्त्रको मुखण्डोभित्र मानवअधिकारको धज्जी उडाउँदै श्रम शक्तिलाई आधुनिक दास बनाइरहेको अवस्था हो यो । यी सबै समस्याहरूको एक मात्र हल गर्ने विधि भनेकै आफ्नो वर्गीय संगठनलाई थप मजबुत बनाउन हामी सबै आफ्नो क्षेत्रमा कर्तव्यनिष्ठ भई काम गर्न आवश्यक छ । क्रान्ति भनेको आधारभूत जनताको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणसहितको परिवर्तनको खातिर गरिने संघर्ष र आन्दोलन हो । यसको लागि कुनै औपचारिक संगठनले आफ्नो उद्देश्य निर्माण गर्न सक्दैन, परन्तु वर्गीय संगठन मात्र यस्तो हतियार हो जसले पुँजीवादी राज्यसत्ताको आधुनिक अस्त्रसस्त्रलाई पराजित गर्न सकिन्छ । त्यसकारण मजदुर वर्गीय चेतनालाई माथि उठाई राजनीतिक, सामाजिक एवम् पेसागत हक अधिकारको लागि वर्तमान व्यवस्था विकल्प ल्याउने दिशामा एकताबद्ध हुन आवश्यक छ ।

# उपचुनावमा दलहरुको आ-आफ्नै रणनीति

राजकुमार के.सी./मध्यान्ह
मकवानपुर, २७ कात्तिक





सरकारले आगामी मंसिर १६ गते स्थानीय तहको उपनिर्वाचन गर्ने निर्णय गर्दै निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरिसकेको छ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ। जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन उपनिर्वाचन हुने निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगका अनुसार उपनिर्वाचनका लागि मंसिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ भने मंसिर १६ गते बिहान ७ बजेदेखि ५ बजेसम्म मतदान हुनेछ।

निर्वाचन आयोगले निर्वाचन मिति र कार्यतालिका सार्वजनिक गरेसँगै मकवानपुर जिल्लाको उपनिर्वाचन हुने एकमात्र स्थान हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ चर्चामा रहेको छ। उपमहानगरपालिकाको यस वडामा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ।

२०७९ मा भएको स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रका उम्मेदवार ललितबहादुर घलान विजयी भएका थिए। वडाध्यक्षमा विजयी घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि उक्त स्थान खाली रहेको थियो।

मकवानपुर जिल्लामा यही वडामा मात्र निर्वाचन हुने भएकाले स्थानीय दलहरु कसरी विजय हासिल गर्ने भन्ने रणनीति र उम्मेद्वार छनोटमा लागेका छन्। माओवादी केन्द्रलाई आफ्नो विरासत जोगाउने चुनौती छ भने नेकपा एमाले र नेपाली कांग्रेसलाई नयाँ वडा थप्ने आकांक्षा रहेको छ। अन्य दलहरु पनि निर्वाचनको तयारीमा जुटिरहेका छन्। जसले गर्दा मकवानपुरमा उपनिर्वाचन रोचक हुने देखिन्छ। अहिले माओवादी, एमाले र कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले उम्मेदवारको टुंगो लगाइसकेका छन्।

माओवादी केन्द्रले रविन प्रधानलाई वडाध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको छ। युवालाई नेतृत्वमा अगाडि बढाउनका लागि प्रधानलाई सर्वसम्मत उम्मेदवार चयन गरिएको माओवादीले बताएको छ।

यस्तै एमालेले राजेश नगरकोटीलाई वडाध्यक्षको उम्मेदवार बनाएको छ। गत स्थानीय तहको निर्वाचनमा पनि उम्मेदवार रहेका नगरकोटी यसपटक पनि सर्वसम्मत उम्मेदवार छनोट भएका हुन्। गत निर्वाचनमा नगरकोटीले तेस्रो स्थान हासिल गरेका थिए। एमालेको भ्रातृ संगठन युवा संघ नेपाल मकवानपुरका अध्यक्षसमेत रहेका नगरकोटीलाई विजयी बनाउन एमाले केन्द्रित छ।

कांग्रेसले पनि गत निर्वाचनकै उम्मेदवार अर्जुन तिवारीलाई वडाध्यक्षको उम्मेदवार बनाएको छ। यस्तै राप्रपाले प्रेम ब्लोन र रास्वपाले आश्विर बललाई वडाध्यक्षको उम्मेदवार चयन गरेको छ।

हेटौंडा-१२ मा माओवादीका प्रधान, एमालेका नगरकोटी र कांग्रेसका तिवारीबीच नै मुख्य प्रतिस्पर्धा हुने आंकलन गरिएको छ। यो उपनिर्वाचनले मकवानपुरमा दलहरुको पछिल्लो राजनैतिक अवस्थालाई पनि चित्रण गर्ने भएकाले विशेष रुपमा हेरिएको छ। हालसम्म उपनिर्वाचनमा दलहरुबीच चुनावी तालमेल वा सहकार्य गर्ने कुनै तयारी भएको पाइएको छैन।

गत निर्वाचनमा कसले कति मत पाए ?

२०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्र, कांग्रेस र एमालेबीच तीव्र प्रतिस्पर्धा भएको थियो। गत चुनावमा हेटौंडा-१२ माओवादी केन्द्रका ललितबहादुर घलान १ हजार ३ सय ७१ मत पाएर विजयी भएका थिए। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका अर्जुनप्रसाद तिवारीले १ हजार ३ सय ४० मत पाएका थिए। यस्तै एमालेका राजेश नगरकोटीले १ हजार ३ सय २५ मत पाएका थिए।

गत निर्वाचनमा तीन दलका उम्मेदवारबीचको मतान्तरमा खासै फरक थिएन। विजयी भएका माओवादीका घलान र दोस्रो भएका कांग्रेसका तिवारीबीच ३१ मतको मात्र फरक थियो। यस्तै विजयी घलान र तेस्रो भएका एमालेका नगरकोटीबीच ४६ मतको अन्तर थियो। दोस्रो भएका तिवारी र नगरकोटीबीच भने १५ मतको मात्र फरक थियो।

**दलहरुको तयारी**

माओवादी केन्द्र हेटौंडा-१२ को वडाध्यक्ष पदका निर्वाचन आफ्नो पक्षमा पार्न पार्टीका प्रदेश कमिटी सचिवालय सदस्य बीरबहादुर घलान ‘ज्वाला’को नेतृत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेर निर्वाचनमा होमिएको छ। माओवादी वडाको २७ वटै टोलमा मतदाता भेटघाट र प्रचारप्रसारमा केन्द्रित रहेको छ।

जिल्ला तहबाट वडाको विकासका लागि थप योजना र कार्यक्रम ल्याउन सकिने भएकाले पार्टीको अनुरोधमा वडाध्यक्ष पदबाट राजीनामा दिएर जिल्ला समन्वय समितिको प्रमुख भएको घलानले बताए। पद रिक्त भएको ६ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने भएता पनि निर्वाचन आयोगले मिति तय नगर्दा लामो समय वडाध्यक्ष पद खाली भएको घलानले बताए।

त्यस्तै एमाले पनि हेटौंडा-१२ को वडाध्यक्ष पदमा आफ्नो उम्मेदवारलाई विजयी बनाउन केन्द्रित भएको छ। एमाले आफ्नो पुरानो शाख फर्काउनका लागि आन्तरिक तयारीका साथ जुटेको एमाले मकवानपुरका प्रचार विभाग प्रमुख उज्ज्वल चौलागाईंले बताए। उनले हेटौंडा-१२ मा टोल भेला, कार्यालय स्थापना तथा मतदाता भेटघाटको कार्यलाई अगाडि बढाइएको बताए।

कांग्रेसले गत निर्वाचनमा थोरै मतले पराजित हुनु परेकाले यो पटक विशेष योजनाका साथ उपनिर्वाचनको तयारी गरिएको प्रवक्ता अर्जुनप्रसाद चौलागाईंले बताए। उनले यसपटक वडाध्यक्ष पदमा नेपाली कांग्रेसका उम्मेदवार विजयी हुने दाबी गरे।

# बालविवाह मुक्त वडा घोषणा

कमल कुमाल/मध्यान्ह
कालीकोट, २७ कात्तिक

कालीकोटको नरहरिनाथ गाउँपालीका वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ। ‘हामी सबैको ऐक्यबद्धता, बालविवाहविरुद्धको साझा प्रतिबद्धता’ भन्ने मूल नाराका साथ मंगलबार वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो।

प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग, सामाजिक जागरण तथा विकास प्रतिष्ठान, सादा नेपाल, हुरेन्डेक नेपाल, किर्डाक नेपाल, आई एनएफ नेपाल, साहास नेपाललगायत अन्य साझेदार संघसंस्थाको सहयोगमा वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कर्णाली प्रदेश सभा सदस्य हिक्मत बहादुर विष्टले कसैले बालविवाह गरेको पाइएमा कानूनबमोजिम कारबाही हुने स्पष्ट पारे। उनले भने, ‘बाल विवाह गर्दा स्वास्थ्यमा समस्या हुनुका साथै अकालमै ज्यान गुमाउनुपर्ने बाध्यता छ। यो समाजका लागि एकदमै कुसंस्कार कुरीति, समाजका लागि घातक रोग भएको हुँदा यो रोगलाई समयमै उन्मूलन गर्नुपर्छ।’



त्यस्तै कार्यक्रममा विशेष अतिथि गाउँपालिकाका अध्यक्ष नगेन्द्र विष्टले अबको केही समयभित्र अरु वडालाई पनि बालविवाह मुक्त घोषणा गर्ने तयारी भइरहेको बताए। उनले भने, ‘सामाजिक कलंकको रुपमा रहको यो एउटा अपराध कार्यलाई जरैदेखि उन्मूलन गर्नका लागि मसहित गाउँपालिका निरन्तर लागि परेको छ।’

कार्यक्रम वडा नं.३ का वडा अध्यक्ष कटकबहादुर बुढाको अध्यक्षतामा भएको थियो। कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण इकाइ शाखाकी प्रमुख सरिता कुमारी विष्ट, नेपाल पत्रकार महासंघ जिल्ला शाखा कालीकोटका उपाध्यक्ष नमराज योगी, गै.स.स. महासंघ कालीकोटका अध्यक्ष विरेन्द्र बुढा, शिक्षक, अभिभावक, बालबालिका, विभिन्न शाखाका कर्मचारी, नागरिक समाजलगायतको सहभागिता रहेको थियो।


## Aathrai Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
Hangpang, Taplejung
Koshi Province, Nepal

### Notice of Intention To Accept Bids

Date of publication: 2081-07-27

Pursuant To Clause 27, Sub Clause 2 and 3 of Public Procurement Act-2063 and ITB Clause 39 Of Bidding Document, all the concerned bidders, who has participated in the bidding as per Noticed Published On "Madhyanya National Daily" newspaper on 2081/04/02, are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

| S. No. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | ATRM/NCB/RD/01/81/82 | Sisne-R.K-Jayalaxmi JV, Madhyapur Thimi-9, Bhaktapur | 5,44,64,247.78 |

Chief Administrative Officer

## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०७/२८)

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०६/२३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिकाका विभिन्न वडाहरुमा सडक निर्माण कार्यको विद्युतीय बोलपत्रमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०८१/०७/२७ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागि विद्युतिय बोलपत्र आह्वान भई तोकीएको म्यादभित्र दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मध्ये तपसिल बमोजिमको विद्युतिय बोलपत्रदाताको विद्युतिय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत) |
|---|---|---|---|---|
| १ | 02/BHO/TRM/ROAD/081/82 | Bamala Bhuruchowk Road Upgrading Work | जलजले निर्माण सेवा, टेम्केमैयुङ गा.पा., वडा नं ०२ | ४८,४५,९५११८३ |
| २ | 03/BHO/TRM/ROAD/081/82 | Road Upgrading Work from Khalde-Santapur to Kerabari | आर.एम.डी. बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., टेम्केमैयुङ गा.पा., वडा नं ०६ | ६९,३५,५२४।१६ |
| ३ | 04/BHO/TRM/ROAD/081/82 | Pangkhang Khambukha Sumlikha Road Upgrading Work | उपमा एण्ड उपसना कन्स्ट्रक्सन, भोजपुर नगरपालिका, वडा नं ०७ | ६९,२५,२०२।२९ |

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा रोजगार
कम्पनी : AYED MOHAMMED AL-HAJRI CONTRACTING ESTABLISHMENT — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८८० — LT. No.: 313470

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCKS DRIVER | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०१७२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
Lic No.: 836/066/067

## साउदीमा रोजगार
कम्पनीः KALPATARU PROJECTS INTERNATIONAL LIMITED — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०४/२४ — चलानी नं.: ६०२२३२८८ — L.T. No.: 308618 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker/general Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184
Govt. Lic. No. 1035/072/073

## कुवेतमा रोजगार
कम्पनीः AL MOZN UNITED FOOD SUPPLIES COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०६/२३ — चलानी नं.: ६०२२६७११ — L.T. No.: 312118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hostess | 0 | 5 | | 150 | ६५७८२ | | | | | | | |
| 3. | Kitchen Stewards | 7 | 0 | | 110 | ४८२४० | | | | | | | |
| 4. | Male Cleaner | 3 | 0 | | 100 | ४३८५५ | | | | | | | |
| 5. | Waiters | 2 | 0 | | 110 | ४८२४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np
Gov. Lic. No. 1251/074/075

## साउदीमा रोजगार
कम्पनी : ALL IS WELL COMPANY LIMITED — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८९६ — LT. No.:313494

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 4 | 0 | स. काममा दक्ष | 1200 | ४३,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

गोल्डेन इगल मेनपावर प्रा. लि.
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोनः ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
श्रम इजाजत नं.: ३९१/०५९/०६०

## CYPRUS मा रोजगार
कम्पनीः RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY — शहरः LIMASSOL
पूर्व स्वीकृत मितिः २०७९/०८/२६ — चलानी नं.: ६०१९३१८१ — LT. No.: 277398 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 1 | 19 | स. काममा दक्ष | 314 | ४५,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

D SQUARED GROUP PVT. LTD.
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9708220255, 9851110238. Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com
श्रम इजाजत नं. १५०५/०७४/०७५

## CYPRUS मा रोजगार
कम्पनीः ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 — शहरः NICOSIA
पूर्व स्वीकृत मितिः २०८१/०७/१४ — चलानी नं.: ६०२२७८९८ — LT. No.: 313016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 3 | 22 | स. काममा दक्ष | 400 | ५७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु ३०,००० कामदारले |

गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
सुबिधानगर, तिनकुने-३५, काठमाडौं, नेपाल
फोनः ५१९२०२८, ४१११६४४ फ्याक्सः ४१११६४४
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np
श्रम इजाजत नं. ९४७/०६७/०६८

## कतारमा रोजगार
कम्पनीः EMAAR UNITED FOR SERVICE — शहरःDOHA
पूर्व स्वीकृत मितिः २०८१/०७/२६ — चलानी नं.:६०२२७८४९ — LT. No.: 313465

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker (Female) | 0 | 10 | सम्बन्धित काममा दक्ष | 1300 | ४८०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter Female | 0 | 8 | | 1700 | ६२८४९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

BLUE OCEAN RECRUITMENT PVT. LTD.
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com
ISO Certified 9001:2015

## साउदीमा रोजगार
कम्पनीः AKS Global Logistics Company — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८७६ — L.T. No.: 313045

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Confident International Manpower Pvt. Ltd.
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com
Govt. Lic. No. 1423/074/075

## साइप्रसमा रोजगार
कम्पनीः King Private Emploment & Immigration Servce-Lic.493-Lic. — शहर : Nicosia
पूर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८६८ — LT. No.:313407

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 12 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,२९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 8 | | 400 | ५७,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३५,००० कामदारले |

मिराकल म्यानपावर प्रा. लि.
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोनः ४९५१००३, Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com
Contact No : 9802022331, 9818721149, 9841046696, 9843583983 Pokhara Contact No: 9856084786
श्रम इजाजत नं. १२२३/०७४/०७५

## साउदी र यूएईमा रोजगार
कम्पनीः W.A.Y FOR LOGISTICS SERVICES EST — शहरः Dammam
पुर्व स्वीकृत मितिः २०८१/०७/२० — चलानी नं.: ६०२२७८६० — L.T. No.:313084

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः FUTURE OPTION CONTRACTING EST. — शहरः Al Qatif — पुर्व स्वीकृत मितिः २०८१/०७/२३ — चलानी नं.: ६०२२७८६२ — L.T. No.: 313253

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver/Forklift Operator | 1 | 0 | स. काममा दक्ष | 2000 | ७१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः ALAZM BUILDING & CONTRACTING CO — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०७/२३ — चलानी नं.: ६०२२७८६१ — L.T. No.: 313243

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः WESTERN BEACH GEN. CONTRACTING CO - SOLE PROPRIETORSHIP L.L.C. - Branch — शहरः ABU DHABI
पुर्व स्वीकृत मितिः २०८१/०७/२७ — चलानी नं.: ६०२२७८६३ — L.T. No.: 313385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker/Labour | 40 | 0 | | 900 | ३३,०१२ | | | | | | | |
| 3. | Farm Workers | 10 | 0 | | 900 | ३३,०१२ | | | | | | | |
| 4. | Garden Workers | 10 | 0 | | 900 | ३३,०१२ | | | | | | | |
| 5. | Horticulturist | 20 | 0 | | 900 | ३३,०१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ५ गते (20 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

R.P. International Consultancy P. Ltd
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np
श्रम इजाजत नं. ४६१/०६१/०६२

अन्तर्राष्ट्रिय सम्मेलनमा मुख्यमन्त्री

# लुम्बिनीको विकासमा खुलेर लगानी गर्न आह्वान

**काठमाडौं/मस–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको समग्र विकासमा लगानी गर्न अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गरेका छन् । चीनको सिचुआन प्रदेश सरकारले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले समग्र प्रदेशको विकासमा लगानी गर्न आह्वान गरेका हुन् ।

लुम्बिनी प्रदेशभित्र कुनै पनि क्षेत्रमा सिचुवान प्रान्तलगायत कुनै पनि प्रान्तबाट इच्छुक लगानीकर्ताको लगानी भित्र्याउन र लगानी सुरक्षित गर्न आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको समेत बताए । उनले लुम्बिनी प्रदेशमा खुलेर लगानी गर्न आह्वान गरेका हुन् ।

साथै लुम्बिनी प्रदेशले छिट्टै लगानी सम्मेलनको आयोजना गर्ने जानकारी दिँदै मुख्यमन्त्री आचार्यले सम्मेलनमा सहभागी हुन कूटनैतिक नियोगमार्फत पत्रचार हुने बताए । उनले सिचुआन प्रदेश सरकार, विभिन्न लगानीकर्ताहरु, कम्पनीहरु, संघसंस्थालाई उत्साहपूर्ण उपस्थितिका लागि आह्वान गरेका हुन् ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी गौतम बुद्धको जन्मस्थललाई समृद्ध बनाउने, यसलाई विश्वको एक महत्वपूर्ण र नमुना स्थल बनाउने दायित्व सबैको साझा रहेको बताए । उनले लुम्बिनीसँग जोडिएका विकास निर्माणका कार्यहरुमा साझा लगानी गर्न आह्वान गरे । 'लुम्बिनी गौतम बुद्धको जन्मस्थललाई समृद्ध बनाउने, यसलाई विश्वको एक




महत्वपूर्ण र नमुना स्थल बनाउने दायित्व हामी सबैको साझा हो । तसर्थ यससँग जोडिएका विकास निर्माणका कार्यहरुमा साझा लगानी गरौं । साझा प्रतिफल हासिल गरौं, विश्वको शान्ति दिपलाई थप प्रज्वल्लित गरौं,' मुख्यमन्त्री आचार्यले भने, 'म हार्दिक आमन्त्रण गर्दछु कि हामी अब छिट्टै लुम्बिनीमा लगानी सम्मेलन गर्दैछौं । त्यसका लागि यहाँहरुको उपयुक्त समयका बारेमा छलफल गर्दै सो समयको किटान पश्चात हाम्रो कूटनैतिक नियोगमार्फत पत्राचार गर्नेछौं । त्यसमा यहाँको प्रदेश सरकार, विभिन्न लगानीकर्ताहरु, कम्पनीहरु, संघसंस्था सबैको उत्साहपूर्ण उपस्थिति हुनेछ ।'

सम्मेलनमा मुख्यमन्त्री आचार्यले बौद्ध पर्यटनको विविधिकृत विकासका लागि घनिष्ट सहकार्य गर्न आग्रह गरेका छन् । 'स्थानीय जनता, पर्यटन व्यवसायी र पथप्रदर्शकहरु, हाम्रो सरकार अन्तरगतका बुद्ध सर्किटमा पर्ने नगरपालिकाहरु, लुम्बिनी बौद्ध विश्वविद्यालय, सांस्कृतिक सम्पदास्थलहरु आदिसँग घनिष्ट सहकार्यका लागि समेत आह्वान गर्न चाहान्छु,' आचार्यले भने, 'लुम्बिनी प्रदेशभित्रका गरिएका बस्तुको उत्पादनहरुको विकास र ब्राण्डिङ गर्दै हाम्रा जनताको रोजगारी र जीवनयापनसँग जोड्न तपाईंहरुको अनुभव प्रविधि मात्र नभइ उत्पादित बस्तुको बजार सिर्जना गर्न, नियमित व्यापार मेला आयोजना गर्न वा लुम्बिनी प्रदर्शनी केन्द्र स्थापना गर्नका लागि पहल गर्नसमेत यहाँहरु समक्ष अनुरोध गर्दछु ।' लुम्बिनी भ्रमण गर्न सिचुआन सरकार, सिचुवानवासी समुदाय तथा आम चिनियाँ जनतालाई आमन्त्रणसमेत गरेका छन् ।

उनले सिचुआन सरकारसँग भएको भगिनी सम्बन्धलाई प्रगाढ बनाउन छेन्दु र भैरहवाबीच सिधा हवाई सेवा सञ्चालन गर्न आग्रह गरेका छन् । सिधा हवाई सेवा शुरु हुँदा दुई मितेरी प्रदेशका जनताको मित्रता अझ बढी प्रगाढ हुने उनले दाबी गरे । 'हाम्रो मितेरी सम्बन्ध अगाडि बढाउन चाहान्छौं । हामी हाम्रा सिकाइ, अनुभव तथा विकासका सम्भावनालाई आदान प्रदान गर्न प्रतिबद्ध छौं र तपाईंहरुको प्रतिबद्धताको अपेक्षा गर्दछौं,' सम्बोधनको क्रममा मुख्यमन्त्री आचार्यले भने, 'चिनियाँ जनता र नेपाली जनताबीचको अन्तरसम्बन्ध विकासमा भगवान गौतमबुद्ध र उहाँको जन्मस्थल लुम्बिनीले हामी र हाम्रो भावनालाई सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेको छ किन भने हामी नेपालीहरुले लाखौं लाख चिनियाँ तिर्थयात्रीहरुलाई सो पवित्र स्थानमा स्वागत गर्न पाइरहेका छौं ।'

सम्बोधनका क्रममा मुख्यमन्त्री आचार्यले चिनियाँ विकास मोडेल, प्रविधि तथा समृद्धिबाट सिकाइ हासिल गर्न चाहेको बताए । 'हामीले सिक्न चाहान्छौं र हामीहरु पनि सँगै यात्रा गर्न चाहान्छौं । किन भने हाम्रो देश नेपाल र हाम्रो प्रदेश नमुना काम गर्नका लागि आतुर छ जनतालाइ विकास र समृद्धि प्रदान गर्न प्रतिबद्ध छ । हामी र हाम्रो केन्द्र सरकार चिनका हरेक सकारात्मक कामको सराहना गर्दछ,' मुख्यमन्त्री आचार्यले भने, 'हामी र हाम्रो केन्द्र सरकार एक चीन नीतिप्रति प्रतिबद्ध छ । हामी विश्वास गर्दछौं यस प्रकारको प्रतिबद्धताले हाम्रो मित्रतालाइ अझ खँदिलो र बलियो बनाइरहेको छ ।'

सम्मेलनमा मुख्यमन्त्री आचार्यसहित उनकी श्रीमती दिपा आचार्य, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थ, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत, प्रमुख स्वकीय सचिव कुशल भुसाल, विज्ञ सल्लाहकार डा. सागर न्यौपाने सहभागी छन् ।

# कान्ति बाल अस्पतालमा महानगरले मोडुलर अपरेसन थियटर निर्माण गरिदिने



**काठमाडौं/मस–**काठमाडौं महानगरपालिकाले कान्ति बाल अस्पतालमा मोडुलर अपरेसन थियटर निर्माण गरिदिने भएको छ । सोमबार महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र अस्पतालका निर्देशक पंकज रायले निर्माण तथा उपकरण जडानसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे ।

आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सरल, सहज, पारदर्शी र पहुँचयोग्य बनाउन आन्तरिक क्षमतासँगै अन्य सरकारी स्वास्थ्य सेवाको क्षमता बढाउन सहकार्य गरिएको हो । चालु आर्थिक वर्षमा कान्ति बाल अस्पतालसँगको सहकार्यका लागि ५ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

महानगरवासीको सरल पहुँचमा स्वास्थ्य सेवा विस्तारसँगै समय समयमा आउने विश्वव्यापी महामारीका जोखिमको प्रतिकार्य, रोकथाम र पुनःस्थापनाका लागि समन्वयात्मक काम गर्नु सम्झौताको उद्देश्य हो ।

सम्झौताबमोजिम अस्पतालले मोडुलर ओटी बनाउन लागतअनुमान तयार पार्नेछ । सम्झौतामा उल्लेख भएको ५ करोड ५० लाख रुपैयाँभन्दा धेरै लागत आएमा त्यसको दायित्व अस्पतालकै हुनेछ । लागत र ड्रइङ डिजाइनका आधारमा खुला बोलपत्र आह्वान गर्ने, मूल्यांकन गर्ने, निर्माण पक्ष छनोट गर्ने र निर्माण कार्य गराउने दायित्व अस्पतालको हुनेछ । महानगरपालिकाले प्रगतिका आधारमा बढीमा ३ किस्तामा सम्झौताबमोजिमको रकम उपलब्ध गराउनेछ । यसरी रकम उपलब्ध गराउँदा नेपाल सरकार वा अन्य निकायबाट प्राप्त रकमसँग दोहोरो नहुने सुनिश्चित गर्नेछ । यसरी उपलब्ध गराएको रकमबाट निर्माण हुने संरचनाको अनुगमन गर्नेछ ।

